वर्ष : २१, अंक : ५, काठमाडौं, २०८२ जेठ ९ गते शुक्रबार, 25 May, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## केवलकार बनाउने दुस्साहस भए विद्रोह हुन्छ : राजेन्द्र महतो




काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले मुक्कुमलुङमा केवलकार बनाउने दुस्साहस भए विद्रोह हुने चेतावनी दिएका छन् । मुक्कुमलुङ ताङसे:प चुम्भो र मुक्कुम्लुङ संरक्षण अन्तरदलिय संघर्ष समितिद्वारा मंगलबार काठमाडौको चुम्लुङमा भएको पत्रकार सम्मेलनमा अध्यक्ष महतोले यस्तो चेतावनी दिएका हुन् ।

उनले भने, 'मुक्कुमलुङमा केवलकार निर्माण थाले अनर्थ हुन्छ, लिम्बु लगायत उत्पीडितहरुले बिद्रोह गर्छ, नश्लवादीको पतन शुरु हुन्छ र यसको सम्पुर्ण जिम्मेवारी राज्यको हुनेछ ।' देशमा औपनिवेशिक एकल राष्ट्र राज्य शासन भएकोले बहुल संस्कृति माथि आक्रमण भएको भन्दै उनले भने, 'खोट राज्यको संरचनामा छ, शासन पद्धतिमा छ । यो सभ्यता र संस्कृति बिरोधि राज्य हो । सभ्यता र संस्कृति मासेर बिकास हुँदैन, झन बिनास हुन्छ ।,'

सबै समस्याको समाधान गर्न राज्यको एकल चरित्र बाट बहुल बनाउनु जरुरी रहेको उनले जिकिर गरे । 'राज्यको चरित्र अनुसार अदालत पनि हुने हो । आदालतलाई सोधेर वा कानुन सम्झेर हिजो आन्दोलन गरेको होइन, अदालतले त भएको कानुन अनुसार फैसला गर्ने हो। हाम्रो भनाइ कानुन नै बिभेदकारी छ भन्ने हो । भएको संविधानको पनि बिपरित छ भन्ने हो। त्यसकारण कोहि हौसिएर मुक्कुमलुङलाई बिकृत बनाउने गरी केवलकार निर्माणको प्रयास सहै हुनेछैन,' उनले भने ।

'मैले मुक्कुमलुङ पुगेर त्यहाँको पवित्र माटो हातमा उठाएर कसम खाएको छु, देवीसँग आशिर्वाद थापेको छु । त्यहाँको पबित्रतामा कुनै आँच आउन नदिन लिम्बूसँगै लडेको छु, लडिरहने छु। केवलकार बनाउन खन्ने खाडलमा नै अब नश्लीय ओली प्रवृत्ति पुरिने' उनले चेतावनी दिए । कार्यक्रममा पहिचानवादी मोर्चाका संयोजक प्रा. डा. महेन्द्र लावतीले मुक्कुमलुङमा केवलकार बनाउने नाममा करोडौंको भ्रष्टाचार भएको आरोप लगाएका छन् । अझै भ्रष्टाचार गर्न र भ्रष्टाचारी हुनबाट जोगिन त्यहाँ केवलकार बनाउन चाहेको उनले बताए । कार्यक्रममा संविधान सभा सदस्य राजकुमार नाल्बो, जनमुक्ति पार्टीका सन्जुहाङ पालुङ्वा, श्रीलिन्खिम लगायतले मन्तब्री राखेका थिए ।

## वीरगंजमा जसपा नेपालको खबरदारी सभा, परिसंघको संघर्षका कार्यक्रम सार्वजनिक



वीरगंज । जनता समाजवादी पार्टी नेपालले हालै गठन गरेको केन्द्रिय परिसंघले देशको सबै उत्पीडित समुदायलाई समेटेर बृहत् अन्तरक्रियासहितको खबरदारी सभा आयोजना गरेको छ ।

शनिबार दिउसो विरगंजको टाउन हालमा आयोजित उक्त सभालाई प्रमुख वक्ता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले उदघाटन गरेका छन् । जसपा नेपालले नागरिक अधिकार, समानता, स्वतन्त्रता र सामाजिक न्यायका लागि संयुक्त संघर्ष गर्ने उद्देश्यले केन्द्रिय परिसंघको ब्यानरमा बृहत् अन्तरक्रियात्मक खबरदारी सभा आयोजना गरेको हो । परिसंघको आयोजनामा भैरहेको उक्त कार्यक्रममा दलित, थारु, महिला, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम र अल्पसंख्यक समुदायसँग सम्बन्धित नेतृत्व, संघ-संस्था तथा व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको छ ।

अवधारणा पत्र सार्बजनिक :

परिसंघको कार्यदिशा, आगामी कार्यभार र उद्देश्यहरू समेटिएको ३५ बुँदे अवधारणा पत्र सार्वजनिक गरिएको छ । कार्यक्रममा जसपा नेपालका अध्यक्ष यादवले १३ पृष्ठको उक्त अवधरणा पत्र प्रस्तुत गरेका हुन् ।

अवधारणा पत्रमा दलित, आदिवासी जनजाति, पिछडावर्ग, थारु, अल्पसंख्यक समुदाय र महिलामाथि भइरहेको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र राजनीतिक असमानता, विभेद, शोषण र उत्पीडन अन्त्य गर्ने उल्लेख गरिएको छ । उत्पीडित समुदायहरूको राष्ट्रिय पहिचानको मान्यता, जनसंख्याका आधारमा प्रतिनिधित्व, मानव अधिकारको प्रत्याभूति, सबैलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, समानता र सामाजिक न्याय सुनिश्चित गर्न संघर्ष गरिने उल्लेख गरिएको छ ।

कार्यक्रममा जसपा नेपालका सह-अध्यक्ष रकम चेम्जोङ्ग, उपाध्यक्ष गोविन्द चौधरी, महासचिव लालबाबु राउत, कार्यकारिणी समिति सदस्य राजकुमार राई, परिसंघका केन्द्रीय अध्यक्ष चन्देश्वर पासवान, मधेश प्रदेका पूर्व मुख्यमन्त्री सरोज यादव लगायत पार्टीका शिर्ष नेतृत्वको सहभागिता रहेको छ ।

## सर्लाहीको पर्सामा सामाजिक सदभाव बिगार्ने प्रयास

सर्लाही । सर्लाही जिल्लाको पर्सामा सामाजिक सदभाव बिथोल्ने प्रयास भएको छ । पर्सा गाँउपालिका वार्ड नं. ५ बस्ने तसलिम अंसारी र सलिम अंसारीलाई सुगुर बस्ने खोरमा थुनेर कुटपिट भएको छ ।

शनिवार बिहान १० बजेको समयमा तसलिम अंसारी र सलिम अंसारीलाई सुगुर बस्ने खोरमा थुनेर सोही ठाउँ बस्ने केही अपराधिक व्यक्तिहरुले निर्धात कुटपिट गरेको हो । तशलिम अंसारीको छोरीको बिवाह वार्ड नं. ६ बस्ने लाल महम्मद अंसारीको छोरासँग जेष्ठ ८ गते हुने निश्चित भएको थियो ।



सोही विवाहको लागि गरगहना बनाउने सम्बन्धमा शनिवार बिहान स्थानीय सुनचादी पसले राजिन्द्र साह सोनारसंग वादविवाद र धक्कामुक्की भएको स्थानीय प्रत्यक्षदर्शी तथा पिडित अंसारीका छोरा कौशर अंसारीले बताएको छ ।

घटना भएको केहि बेरमै पसले राजिन्द्र साह सोनारले स्थानीय केहि अपराधिक र सामप्रदायिक मानसिकता भएका व्यक्तिहरुलाई परिचालन गरि पिडित तसलिम अंसारी र उनका भाईलाई सुगुर बस्ने खोरमा थुनेर कुटपिट गरेको स्थानीयले बताए । अन्सारीलाई कुटपिट गरेका भिडियोहरु अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ ।

कुनै पनि विवाद हुँदा प्रहरीलाई खबर गर्नुपर्ने हो । यसरी कानुनलाई आफनो हाथमा लिएर कुनै व्यक्तिलाई सुगुरको खोरमा थुनेर कुटपिट गर्नु कानुन विपरित कार्य रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरिक्षक सरोज राईले बताए ।

कानुन उलंघन गर्ने कार्य कुनै पनि हालतमा स्विकार हुदैन । घटनाको बारेमा थप अनुसंन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । दोषीहरु माथि कारवाही हुने प्रहरी नायब उपरिक्षक राईले भने ।

अंसारी माथि कुटपिट गर्ने ४ जना व्यक्तिहरु पक्राउ परेको प्रहरीले जनाएको छ । जिल्लाको सुरक्षा व्यवस्था फित्लो भएको कारण यस्ता धार्मिक तथा सामाजिक द्वण्द फैलाउने व्यक्ति समुहको मनोबल उच्च भएको आम नागरिकको बुझाई छ । यस्ता मानशिकता बोकेका जो कोहीलाई कानुनी कठघरामा उभयाउनुको विकल्प छैन ।

सर्लाही जिल्लाको पर्सा गाउँपालिका-५ मा सामान्य विवादलाई बहाना बनाउँदै तस्लीम अन्सारी र सलिम अन्सारीलाई सुँगुरको खोरमा थुनेर गरिएको कुटपिट र अपमानजक व्यवहारले सम्पूर्ण मानवता र सामाजिक सभ्यता नै लज्जित भएको नेपाल संघीय समाजवादी पार्टी नेपालका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारीले बताएका छन् ।

पूर्वगृह राज्यमन्त्री अन्सारीले यस घटनाप्रति कडा आक्रोश प्रकट गर्दै यसलाई "समाजिक एकता, सहिष्णुता र न्यायमूलक राज्य व्यवस्थामाथिको गम्भीर आक्रमण" भनेका हुन् ।

उनले भनेका छन्, "समाजमा विभाजनको बीउ छर्ने, घृणाको आगो सल्काउने र व्यक्तिगत र सामान्य झगडाहरुलाई सम्प्रदायिक रूप दिन खोजी अपराधीलाई जोगाउन खोज्ने र अपराधीहरूको राजनीतिक धार्मिक र सामाजिक संरक्षण गर्न चाहने कमजोर समुदायलाई लक्षित गरी अपमानजनक व्यवहार गर्ने यस्ता आपराधिक मानसिकताका व्यक्तिहरूलाई राज्यले कुनै हालतमा क्षम्य गर्नु हुँदैन। तीव्र छानबिनसहित दोषीमाथि अविलम्ब कडा भन्दा कडा कारबाही गरिनुपर्छ ।"

अध्यक्ष अन्सारीले सरकार र सुरक्षाप्रति चेतावनी दिँदै भने, "यदि राज्य यस्ता घटनाप्रति निष्क्रिय रहन्छ, अपराधीहरूलाई कानुनी दायरामा ल्याउन ढिलाइ गरिन्छ भने यसको परिणाम समाजिक अशान्ति, द्वेष र

बाँकी अन्तिम पृष्ठमा

## भूमिसम्बन्धी विधेयक असंवैधानिक : मोर्चा

काठमाडौं । तराई-मधेशकेन्द्रित सात राजनीतिक दलको संघीय लोकतान्त्रिक मोर्चाले सरकारले ल्याएको भूमिसम्बन्धी विधेयक असंवैधानिक रहेको बताएको छ ।

बुधबार जनमत पार्टीको केन्द्रीय सचिवालयमा बसेको मोर्चाको बैठकले भूमि व्यवस्था र भूमिसम्बन्धी अभिलेख राख्ने अधिकार संविधानले नै प्रदेशलाई दिएको अवस्थामा प्रदेशको क्षेत्राधिकार हस्तक्षेप गरि सरकारले भूमिसम्बन्धी विधेयक सदनमा प्रस्तुत गरेको भन्दै असहमति जनाएको हो ।



सरकारले ल्याएको विधेयक असंवैधानिक रहेकाले यसबाट भूमिहीनको समस्या हुन नसक्ने निष्कर्ष निकालिएको मोर्चाद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । उक्त विधेयकले भूमाफियालाई मात्रै अत्यधिक लाभ पुग्ने मोर्चाको ठहर छ । बैठकले उक्त विधेयक फिर्ता लिन माग गरेको हो ।

त्यस्तै बैठकमा आगामी आर्थिक वर्ष २०८२-८३ को बजेटका सन्दर्भमा समेत छलफल भएको थियो । बैठकले आगामी बजेट जनसंख्या र मानव विकास सूचकांकका आधारमा बिनियोजन गर्नुपर्नेमा जोड दिएको छ ।

## 'बजेटमा तराई-मधेशसँग किन विभेद ?'

काठमाडौं । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले 'नेपालको बजेट नेताहरुको निजि सम्पति हो की नेपाली जनताको साझा सम्पती हो ?' भन्ने प्रश्न उठाएका छन् । सरकारले बजेट वितरण गर्दा तराई मधेससंग विभेद किन गरेको भन्दै उनले प्रश्न समेत उठाएका छन् ।

प्रतिनिधिसभाको शुक्रबार बसेको बैठकमा आगामी आर्थिक बर्ष २०८२/८३का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक)को छलफलमा आजपा अध्यक्ष साहले बजेटको वितरण समान रुपमा सबै प्रदेश, क्षेत्र एवं पालिकामा नभएको बताए । हरेक आन्दोलनमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने एवं मानव विकाश सूचांकमा पछाडी परेको तराई मधेसमा सरकारले बजेट वितरण गर्दा विभेदपूर्ण तरिकाले गरेको उनले बताए ।

'नेपालको बजेट नेताहरुको निजि सम्पती हो की नेपाली जनताको साझा सम्पती हो ? यदी नेपाली जनताको साझा सम्पती हो भने यसको समान वितरण हुनुपर्छ । तर आज हामी विडम्बना हेरिरहेका छौं । जसको हात उही जगन्नाथ, नेताहरुको क्षेत्रमा मालामाल, आम नागरिक बेहाल,' आजपा अध्यक्ष साहले भने, 'आज १८ खर्ब बजेटको बिनियोज हेर्ने हो भने, नेपालमा १६५ निर्वाचन क्षेत्र छ । १८ खर्बलाई १६५ले भाग गर्ने हो भने झण्डै ११ अर्ब पर्छ । म सांसदहरुलाई भन्न चाहन्छु, के तपाईको निर्वाचन क्षेत्रमा ११ अर्बको बजेट छ ?'

उनले १६५ वटा संसदीय क्षेत्र, प्रदेश, पालिका, वडाहरुमा समान बजेटको वितरण सरकारले नगरेको तथ्यांक पेश गर्दै यस्तो किन भएको भन्दै प्रश्न उठाएका छन् । आफ्नो क्षेत्र, पालिकामा समान बजेट नजाँदा किन मौन बसेको भन्दै अर्को प्रश्न उठाए ।

उनले भने, 'नेपालमा ६ हजार सात सय ४३ वटा वडाहरु छ । १८ खर्बलाई ६ हजार सात सय ४३ ले भागा गर्नुहुन्छ भने एउटा वडामा झण्डै साढे २६ करोड रुपैया पर्छ । म नेपाली जनतालाई भन्न चाहन्छु के तपाईको वडामा केन्द्र सरकारको बजेट २६ करोड छ ?'

आजपा अध्यक्ष साहले नेपालमा सात सय ५३ वटा पालिका रहेको बताउदै १८ खर्बलाई सात सय ५३ ले भागा गर्ने हो भने एउटा पालिकामा २ सय ४९ करोड पर्ने बताए । यदी एक बर्षमा यसरी बिनियोजन बजेट पालिकामा जाने हो भने नेपालमा विकासको प्रवाह कसैले रोक्न नसक्ने उनले बताए । तर एउटा वडा जहाँ २६ करोडको बजेट पुग्दैन तर मन्त्रीजीको वडामा २६ अर्बको बजेट गईरहेको उनले बताए । त्यसैले बजेटको समान वितरण हुनुपर्ने अर्थमन्त्री विष्णु पौडेलको विशेष ध्यानाकर्षण साहले गराएका छन् ।



अर्थमन्त्री पौडेललाई आजपा अध्यक्ष साहले भने,'तपाईको पालामा बजेटको समान वितरण सुरु गर्नुस् । कम्तिमा पुँजीगत पैसा यसको समान वितरण होस् भन्ने दुनियाले हेरोस् । तपाई कहाँ खर्च गर्दैहुनुहुन्छ भन्ने आजको आईटीको युगमा दुनियाले हेरोस् । आजको दिनमा घरमा बसेर पनि मान्छेले आफ्नो हकअधिकार बुझ्न सक्छ । त्यस हिसाबले अबको डिजिटल युगमा मनपरी काम रोक्नुस् भन्ने म विशेष आग्रह गर्न चाहन्छु ।'

नेपालको हरेक आन्दोलन एवं परिवर्तनमा

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# संघीय लोकतान्त्रिक मोर्चाले आफ्नो औचित्य पुष्टि गर्न सक्ला ?

तराई-मधेशकेन्द्रित सात राजनीतिक दलले घोषणा गरेको संघीय लोकतान्त्रिक मोर्चा बडो तामझामका साथ घोषणा गरिएको थियो । मोर्चा गठनको उद्देश्य र सान्दर्भिकतामाथि विभिन्न पक्षबाट प्रश्न उठाइरहेका छन् । राष्ट्रिय राजनीतिमा तराई-मधेशकेन्द्रित दलहरु कमजोर अवस्थामा हुँदा यो मोर्चाको औचित्य र आवश्यकता पुष्टि गर्न सक्नु मोर्चाका नेताहरु शंकाको घेरामा छन् । अर्कोतर्फ यो मोर्चा घोषणासँगै मुलुकमा वैकल्पिक राजनीतिक शक्तिको सम्भावना पनि देखिएको छ । प्रायः राजनीतिक दलहरू चुनावको समयमा एकीकृत, मोर्चाबन्दी र गठबन्धन हुने र चुनाव सकिएलगत्तै विभाजित हुने प्रवृत्ति नेपाली राजनीतिमा देखिँदै आएको हो । तर, यसपटक भने त्यसको ठीक विपरीत वर्तमान समयमा सात राजनीतिक दल एक ठाउँमा उभिएका भएका छन् । यसले यी पार्टीबीचको मोर्चाबन्दी क्षणिक स्वार्थका लागि मात्र नभएको कुरालाई संकेत गर्छ ।

राजनीतिमा तरंग ल्याउनसक्ने प्रतिभा र पार्टी दुवैको अभाव खड्किरहेका बेला जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी, तराई-मधेश लोकतान्त्रिक पार्टी नागरिक उन्मुक्ति पार्टीबीच भएको राजनीतिक सहमतिले नयाँ बहस पनि सिर्जना गरेको छ । यो मोर्चाबन्दी राजनीतिक प्रणयका रूपमा मात्र होइन, यसले स्थायी र विश्वसनीय वैकल्पिक लोकतान्त्रिक ऊर्जा उत्पन्न गर्नसक्छ कि भनेर अपेक्षा बढाएको छ ।

करिब आठ दशक पहिले स्थापना भएको कम्युनिस्ट पार्टीमा अनेक चिरा भए तर अहिले ती विस्तारै एउटा भंगालोमा डालिन लागेका छन् । संघीय, प्रदेशसभा निर्वाचनका समयमा प्रमुख कम्युनिष्ट पार्टीबीच मात्र एकता भए पनि साना कम्युनिष्ट पार्टीहरूलाई समर्थन गर्ने वा साना कम्युनिष्ट पार्टीहरूले सहयोग गर्ने काम भएको थियो । यसका विपरित केही स्थानमा व्यक्तिगतरूपमा लोकतान्त्रिक उमेदवारहरूबीच तालमेल गरिए पनि आमरूपमा त्यो सफल भएको थिएन । यसैकारण संघीय र प्रदेश संसदमा लोकतान्त्रिक शक्तिको उपस्थिति अत्यन्त कमजोर हुन पुगेको थियो । अहिले लोकतान्त्रिक शक्तिको पुरानो मियो नेपाली कांग्रेसले मात्रै कम्युनिष्ट निरंकुशता र सर्वसत्तावादको सामना गर्नु परिरहेको अवस्था छ । अर्को सशक्त लोकतान्त्रिक दलको अभावमा कांग्रेसको प्रस्तुति आक्रामक हुन सकिरहेको छैन ।

नेपाली कांग्रेसमा केही नेता वा सदस्यहरूले व्यक्तिगतरूपमा परिवर्तनले स्थापित गरेका कतिपय मुद्दामा असहमति प्रकट नगरेका होइनन् तर संस्थागतरूपमा नेपाली कांग्रेस परिवर्तनप्रति पूर्ण प्रतिबद्ध देखिन्छ । अर्थात् आजको परिवर्तनलाई संस्थागत गर्नका लागि लोकतान्त्रिक शक्तिबीच लय अनिवार्य छ र त्यो लय विकास गर्न कमसेकम साना दलहरूको एकताले मद्दत गर्नेछ । यस्तोमा वैकल्पिक शक्तिको रूपमा आएको समाजवादी पार्टीको भूमिका अहम् छ ।

नेपालको राजनीतिक विकासक्रममा दलहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे पनि क्रान्ति वा आन्दोलनको सफलतापछि आफूलाई रूपान्तरण यात्रामा खरो उतार्न नसकेको महसुस सबैलाई भएको छ । त्यसमा पनि मौका पाइसकेपछि पनि आफूलाई इमानदार ढंगले प्रस्तुत गर्न नसक्दा सर्वसाधारणमा दलप्रतिको वितृष्णा पनि उत्तिकै बढ्ने गरेको पाइन्छ । यसकारण पनि नयाँ दलले आफूलाई आम जनताको विश्वास आर्जन गर्ने गरी अग्रसर गराउनुपर्ने देखिएको छ ।

नेतृत्वले सहनशीलता, समन्वय र सहिष्णुताका साथ सामूहिक निर्णयको व्यवहार अवलम्बन नगर्दा दलहरूमा मतभेद हुने गर्छ र यस्तो नयाँ पार्टीका नेतृत्वले समयमै विचार पुऱ्याउनु पर्छ । दलका सदस्यमा अनुशासन नभएर महत्वाकांक्षा बढेको अवस्थामा र समान पुस्ताका नेताहरूमा अति महत्वाकांक्षा र प्रतिशोधको मनोविज्ञानले काम गरेमा दलहरू विभाजित हुने वा एउटै दलमा रहँदा पनि तीव्र मतभेद हुने गर्छ । यी सबै नकारात्मक अवस्थालाई व्यवस्थापन गर्ने क्षमता र कुशलता यो घोषणा भएको मोर्चा नेतृत्वमा हुनु जरूरी हुन्छ ।

मुलुकमा कांग्रेस र कम्युनिष्टका दुई भिन्न धुरी देखिए पनि सत्तामा रहँदाको प्रवृत्ति उही छ । त्यो स्थितिलाई नयाँ दलले कसरी चिर्छ भन्ने प्रश्न पनि छ । यद्यपी अहिले पनि नयाँ दललाई पत्याइसकेको अवस्था छैन किनभने दल नयाँ भएपनि पात्र पुरानै हुन् । मोर्चामा रहेका नेतृत्वहरुमा राजनीतिक सुझबुझ र अनुभवको कमी छैन । तराई-मधेशमा आफ्नो पकड जमाउनका मोर्चाले आफ्नो प्रभावशाली प्रस्तुती गर्न आवश्यक छ ।


# भारतविरोधी नाराबाजी होइन, राष्ट्रिय जिम्मेवारीप्रति उत्तरदायित्व आवश्यक



डा.राजीव झा

डा. राजीव झा, अध्यक्ष

हालै काठमाडौंस्थित भारतीय दूतावास अगाडि देखिएको प्रदर्शनले फेरि एकपटक नेपालभित्र भारतप्रति फैलन सक्ने गलत धारणा र यसलाई योजनाबद्ध रूपमा उचाल्ने प्रवृत्तिहरूको वास्तविकता उजागर गरिदिएको छ। जुन नाराहरूले सडक



तताइयो–'इण्डियन हस्तक्षेप मुर्दावाद', 'गोर्खा भर्ती सम्झौता खारेज गर', 'मिटरब्याज पीडितको सम्पत्ति फिर्ता गर'–ती सबै कगउभचाष्अर्ब्थिि हेर्दा राष्ट्रिय मुद्दाहरू जस्ता देखिए पनि, गहिराइमा पुग्दा त्यस्ता आन्दोलनहरू राष्ट्रिय समस्याको समाधानभन्दा बढी भारतप्रतिको पूर्वाग्रह र विदेशी प्रेरणाको संकेत जस्तो देखिन्छ।

भारतप्रति आक्रोशको मूल जरा कहाँ छ?

नेपालको आन्तरिक समस्याहरू जस्तै मिटरब्याजको शोषण, सरकारी सेवाको असमानता, विकास निर्माणमा ढिलासुस्ती, भ्रष्टाचार, बेरोजगारी आदि–यी सबैको मूल जरा नेपालकै नीति निर्माण, कार्यान्वयन प्रणाली र नेतृत्वदायी कमजोर शासनमा छ। तर केही समूहहरूले यी समस्याहरूको जिम्मा भारतमाथि थोपर्ने रणनीति अपनाउँदा, वास्तविक समाधानको बाटो हराउँछ। भारतलाई दोष दिएर, विदेशी शक्तिमाथि आक्रोश पोखेर देशभित्रको असफलताबाट ध्यान मोड्ने यो प्रवृत्ति खतरनाक हो। भारत हाम्रो छिमेकी मात्र हैन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र भावनात्मक रूपमा पनि गहिरो सम्बन्ध भएको राष्ट्र हो। यस्तै छिमेकीसँग असहिष्णु व्यवहार गर्नु, अपमानजनक नारा लगाउनु, र जनस्तरमा घृणा फैलाउनु दीर्घकालीन दृष्टिमा नेपालको अस्थिरता निम्त्याउने कार्य हो।

गोर्खा भर्ती सम्झौता र त्यसको यथार्थ

भारतमा नेपाली युवाहरूको गोर्खा भर्ती सम्बन्धी सम्झौता दशकौं पुरानो ऐतिहासिक समन्वय हो। नेपाली युवाहरूले भारतीय सेनामा सेवा गरेर न केवल रोजगारी पाएका छन्, तर नेपालकै गौरव बोक्ने अवसर पनि बनाएका छन्। विश्वभर नेपाली गोर्खाहरूको साहस, इमान्दारी र कर्तव्यनिष्ठाको प्रसंशा हुन्छ। अहिले यसलाई खारेज गरौं भन्ने नारा, कुनै अध्ययन वा गम्भीर संवादबिना उठाउनु गैरजिम्मेवार कार्य हो। नयाँ पुस्ताले गम्भीर छलफलका माध्यमबाट यसको भविष्य के हुनुपर्छ भन्ने निर्णय गर्नु आवश्यक छ–अन्धराष्ट्रियता वा उच्छृंखल नाराबाजीले होइन।

असली राष्ट्रवाद के हो?

साँचो देशभक्ति भनेको, अन्तर्राष्ट्रिय सहयोग अस्वीकार गर्नु वा छिमेकीहरूप्रति दुश्मनी पाल्नु हैन। बरु देशभित्रको समस्या समाधान गर्नु, नागरिकको जीवनस्तर सुधार गर्नु, जवाफदेही शासन स्थापना गर्नु नै असली राष्ट्रसेवा हो। विदेशी सहयोगको सदुपयोग गरेर, देशको आवश्यकता अनुसार कार्यक्रम लागू गर्नु सशक्त राष्ट्र निर्माणको सूचक हो। भारतले सन् २०७२ को भूकम्पमा, कोभिड महामारीको कठिन समयमा, सुदूर गाउँमा अस्पताल, स्कूल, सडक जस्ता संरचना बनाउन गरिरहेको सहयोग अस्वीकार गर्नु राष्ट्रहितविपरीत हुनेछ।

आतंकवाद र दोहोरो मापदण्ड

भारतको जम्मु-कश्मीर राज्यमा भएका आतंकवादी आक्रमणमा नेपाली नागरिकले ज्यान गुमाउँदा यिनै राष्ट्रवादी बनेका समूहहरू चुप बस्छन्। जब भारत आतंकवादविरुद्ध कारबाही गर्छ, तब यिनले भारतविरोधी प्रतिक्रिया जनाउँछन्। यस्तो असन्तुलित व्यवहारले उनीहरूको नियतमाथि प्रश्न उठाउनु स्वाभाविक हुन्छ। आतंकवाद जस्तो मानवताविरोधी मुद्दामा मौन बस्ने र अर्कोतर्फ भारतविरोधी नारा चर्काउने कार्य दोहोरो मापदण्ड हो।

नेपाल-भारत सम्बन्धको बहुआयाम

नेपाल र भारतबीचको सम्बन्ध केवल राजनीतिक वा कूटनीतिक मात्रै होइन। यो सम्बन्ध परिवार, समाज, संस्कृति, व्यापार र भावनामा पनि गहिरो छ। हजारौं नेपाली भारतमा रोजगारमा छन्, हजारौं भारतीय नेपालमा व्यवसाय गर्दै छन्। खुला सिमानाले सीमावर्ती समुदायहरूलाई आपसी समझदारीमा बाँधेको छ। धेरै नेपालीहरूको पारिवारिक सम्बन्ध भारतमा छन्–कतै बिहे, कतै व्यवसाय। यस्ता सम्बन्धलाई भत्काउने प्रयास केवल राजनीतिक अतिवाद मात्र होइन, सामाजिक एकता र जनस्तरको सम्बन्धमा पनि चोट पुऱ्याउने कार्य हो।

यस्ता गतिविधिको मूल खोज आवश्यक

भारतविरोधी नारा चर्काउने समूहहरूका स्रोतहरूबारे गहिरो अनुसन्धान हुन आवश्यक छ। यस्ता गतिविधि स्वतस्फूर्त जस्ता देखिए पनि, धेरैजसो योजनाबद्ध रूपमा सञ्चालित हुन्छन्। कहिले विदेशी संस्थाबाट प्रेरित, कहिले देशभित्रको असन्तुष्टिको लाभ उठाउने शैलीमा। यस्तो वातावरणले नेपाललाई दुईखाले खतरा निम्त्याउँछ–भित्र अस्थिरता र बाहिर द्विपक्षीय सम्बन्धमा संकट। त्यसैले सरकारले यस्ता कार्यक्रमको योजना, समर्थन, स्रोत र उद्देश्यबारे गहिरो अनुसन्धान गर्नुपर्छ। के यिनीहरू कुनै विदेशी एजेन्डाका प्रतिनिधि हुन्? के नेपालभित्रको असन्तुष्टि र जनाक्रोशको प्रयोग गरेर नेपाललाई अशान्त बनाउने योजना बनाइएको हो? यस्ता प्रश्नहरूमा जवाफ खोजिनुपर्छ।

सरकार र सुरक्षाप्रणालीको उत्तरदायित्व

लोकतन्त्रमा विचारको स्वतन्त्रता र शान्तिपूर्ण प्रदर्शन अधिकार हो। तर यस्ता अधिकारको प्रयोग विदेशी हित, द्वन्द्व उक्साउने रणनीति वा राष्ट्रिय सुरक्षामा आघात पुऱ्याउने ढंगमा भएमा त्यसविरुद्ध स्पष्ट र प्रभावकारी कदम चालिनुपर्छ। सुरक्षायन्त्रहरू सतर्क हुनु, कानुनी कारबाही सुनिश्चित गर्नु र सामाजिक संवाद बढाउनु आजको आवश्यकता हो। राज्यले नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता दिनुपर्छ, तर त्यसको उपयोग राष्ट्रविरोधी एजेण्डाका लागि नगरियोस् भन्नेतर्फ ध्यान दिनुपर्छ।

कूटनीतिक समाधानको बाटो

समस्या समाधानको मार्ग हो–संवाद, कूटनीति र परिपक्वताको अभ्यास। भारतजस्तो छिमेकीसँग सम्बन्ध बिगार्ने रणनीतिले नेपाललाई कुनै फाइदा पुऱ्याउँदैन। बरु, दुवै राष्ट्रबीचको आपसी हित र विश्वासको वातावरणमा उभिएर सहकार्य र साझा समाधानको खोजी गर्नुपर्छ। गोर्खा भर्ती सम्झौताबाट शुरू गरेर व्यापार, शिक्षा, स्वास्थ्य, जलविद्युत्, पूर्वाधार विकास आदि क्षेत्रमा भारतसँग सहकार्यको असीम सम्भावना छ। यसलाई नारा होइन, नीति बनाएर अघि बढ्नुपर्छ।

> भारतसँगको सम्बन्धमा विश्वास, सहयोग र समझदारी कायम राख्नु हाम्रो परराष्ट्र नीतिको मेरुदण्ड हुनुपर्छ।

निष्कर्ष : भारतविरोधी नाराबाट होइन, उत्तरदायी नेतृत्वबाट समृद्धि सम्भव छ

आजको नेपालले माग गर्ने कुरा हो–उत्तरदायी नेतृत्व, पारदर्शी शासन, जनताको आवाजप्रति संवेदनशील नीति, र अन्तर्राष्ट्रिय सम्बन्धमा परिपक्वता। भारतसँगको सम्बन्धलाई भावनात्मक नाराले होइन, तथ्य र यथार्थमा आधारित बहसले अगाडि बढाउनुपर्छ। भारतविरोधी नारा लगाएर राष्ट्रियता देखाउने जमाना गइसकेको छ। समृद्ध नेपाल निर्माणका लागि हामीले आन्तरिक विकृति, सुशासनको अभाव, शिक्षा र स्वास्थ्य क्षेत्रमा असमानता, र गरिबीको उन्मूलनमा ध्यान केन्द्रित गर्नुपर्छ। भारतसँगको सम्बन्धमा विश्वास, सहयोग र समझदारी कायम राख्नु हाम्रो परराष्ट्र नीतिको मेरुदण्ड हुनुपर्छ। अन्ततः, असली राष्ट्रभक्ति भनेको रचनात्मक समाधान खोज्नु, पारस्परिक सम्बन्ध सुधार्नु, र जनतालाई आशावादी भविष्यतर्फ अघि बढाउनु हो। भारतविरोधी नारा होइन, सोचपूर्ण नीति, संवेदनशील कूटनीति र आपसी समझदारी नै आजको आवश्यकता हो ।

*(डा.झा, नेपाल-भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष हुन् ।)*

# नेपालमा सरकार अस्थिर हुनुको मुख्य कारण सैद्धान्तिक अस्पष्टता र नीतिगत अस्थिरता हो

कुनै पनि देशमा नम्बर अफ इन्स्टिच्युसन परिणाममुखी हुँदैन । संस्थागत अभ्यास भनेको संस्थाको संख्या बढाउने होइन, संस्थागत अभ्यास बढाउने हो । हामीकहाँ पहिलो समस्या संस्थाहरू बढाउनतिर लाग्यौँ । तर संस्थागत अभ्यासतिर लागेनौँ । इन्स्टिच्युसनलाइज्ड प्रोसेस अर नम्बर अफ इन्स्टिच्युसन भन्छ, तर हामी नम्बर अफ इन्स्टिच्युसनतिर लाग्यौँ ।



**मनिष झा**
**कार्यवाहक प्रवक्ता**
**राष्ट्रिय स्वतन्त्र पार्टी**

**० जुनसुकै सरकार बने पनि अस्थिर हुन थाले । के देख्नुहुन्छ कारण ?**

– एउटा त संख्यागत रूपमा हो। पहिला बीपी कोइराला वा त्यसपछि कम्युनिस्टको दुई तिहाइ, त्यसपछि गिरिजाप्रसाद कोइरालाले बहुमत पाउनुभएको थियो। त्योबाहेक खासै पार्टीले एकल सरकार सञ्चालन गर्न सक्ने अवसर त्यति धेरै पाएका छैनन्, संख्यागत कारण यो भयो।

तर भारतमा पनि अहिले हङ (त्रिशङ्कु) पार्लियामेन्ट नै छ। तर त्यहाँ स्थिर छ। यो भनेको उनीहरू संख्यागत रूपमा हङ भए पनि सैद्धान्तिक रूपमा क्लियर छन्। सैद्धान्तिक रूपमा उनीहरूसँग एउटा भिजन छ, प्रोग्राम छ। के गर्ने भन्ने लक्ष्य छ। उनीहरूको लक्ष्य कम्तीमा अबको पाँच वर्षमा विश्वको तेस्रो अर्थतन्त्र बन्न प्रयास गर्ने हो। यो लक्ष्य पूरा गर्न के चाहिन्छ, अर्थतन्त्रमा के, पूर्वाधारमा के, शिक्षामा के, स्वास्थ्यमा, पर्यटनमा के गर्ने भन्ने टार्गेट सेट गरेर भारतले काम गर्न थालेको छ।

हामीमा कहाँ पुग्न चाहन्छौँ भन्ने सैद्धान्तिक स्पष्टता नै भएन। अर्को कुरा, नीतिगत स्थिरता पनि भएन। हिजो भर्खर सदनमा प्रधानमन्त्रीलाई एक मिनेटमा प्रश्न सोध्न पाउने मौका पाउँदै गर्दा मैले भनेको थिएँ, 'नीति कार्यक्रममा हरेक वर्ष छलफल गर्नु नै नीतिगत अस्थिरताको कारक हो।' हरेक वर्ष नीतिमा किन छलफल गर्ने रु हरेक वर्ष त कार्यक्रममा छलफल गर्ने हो।

हरेक वर्ष नीतिमा छलफल गर्ने, अनि उतातिर राष्ट्रिय योजना आयोग पनि बनाइदिने । जसले पञ्चवर्षीय योजना लिएर आउँछ । भनेपछि, कन्ट्र्याडिक्ट भयो । कि त हरेक वर्ष नीति चाहिँदैन, कि त राष्ट्रिय योजना आयोग चाहिँदैन । त्यसैले अस्थिरताको कारक हामी आफैँ भइराखेका छौँ भन्ने मेरो बुझाइ हो । जसले गर्दा उचित डेलिभरी भइरहेको छैन, रिजल्ट आइरहेको छैन । हामी हरेक वर्ष नीतिमा छलफल गर्ने, योजनाहरू धेरै बनाउने, धेरै आयोग, नियोगहरू आवश्यकभन्दा धेरै बनाउने कुराले जनताको दैनिकी सुधार हुनुभन्दा पनि नीति, योजना, राजनीतिक नियुक्तिजस्ता कुराहरू धेरै भइरहेको छ ।

डेलिभर गर्न नसक्दा सरकार आफैँ कसले दोष लिने, कसले जस लिने, कसले अपजस लिने भन्ने विवादमा फस्न थाल्छ । अहिलेको सरकारले १० महिना बिताउँदै गरेको अवस्थामा केही दिनअघि एमाले सांसद सूर्य थापाको कुरा सुन्दा पनि दोषारोपणको वेला भइसकेको छ जस्तो देखिन्छ । तैँले जस लिने, मैले अपजस किन लिने भन्ने कुरातिर गइसकेको जस्तो देखिन थालिसक्यो ।

यो मानवीय स्वभाव नै हो । तर मानवीय स्वभावको कारक प्रक्रियागत त्रुटि पनि हो । त्यो त्रुटिलाई हामीले सम्हाल्ने, त्यसलाई सच्याउने अभ्यासहरू गरिराखेका छैनौँ । जसले गर्दा हरेक एउटा कालखण्डमा सरकार बन्दै गर्दा उत्साह पनि हुन्छ । यहीँ सरकार बन्दै गर्दा खानेपानी मन्त्री प्रदीप यादवले भन्नुभएको एउटा स्टेटमेन्ट मलाई याद छ ।

उहाँले भन्नुभएको थियो- 'यो डबल इन्जिनको सरकार हो ।' तर अहिले आएर सब फ्रस्ट्रेसन छन् । डेलिभर हुन सकेन भनेर पार्टीभित्रका मन्त्रीहरू नै प्रधानमन्त्रीप्रति असन्तुष्ट भइसके । अब पनि हामीले यस्ता प्रक्रियागत त्रुटिहरू सैद्धान्तिक रूपमा सच्याएनौँ भने यो अवस्था सधैँ हुँदै गर्छ ।

**० सैद्धान्तिक रूपमा विचलन, विचारमा स्खलन बढी हो वा प्रक्रियागत त्रुटि ?**

– दुइटैलाई फिफ्टी-फिफ्टी भन्न सकिन्छ । संख्यागत रूपमा जब सम्झौता गरेर सैद्धान्तिक रूपमा स्पष्टता नराखेर आफ्नो स्वार्थका लागि गठबन्धन बनाइन्छ भने हुने यस्तै हो । यो कुरा यसपालिको मात्र होइन, पहिला हामी भएको वेलामा चाहिँ खतरा थियो भन्न खोजेको होइन । हामीले पनि सैद्धान्तिक सम्झौता गरेकै हो । हामी हुँदाचाहिँ भएको थिएन भन्नु हुँदैन ।

यहाँ कतिपय पार्टीहरूमा आफू हुँदा स्थिरताका लागि, संविधान संस्थागत अभ्यासका लागि, देशको समृद्धिका लागि भनेर जुनसुकै कोलिसनमा गइहाल्ने चलन छ । तर अरूले त्यस्तै कोलिसन बनायो वा गयो भने अप्राकृतिक भन्ने र आपत्तिजनक शब्दहरू प्रयोग गर्दिने चलन छ । त्यसैले हामी हुँदा पनि गलत थियो, अहिलेको पनि गलत छ भन्छु ।

**० हामीले पनि गलत गर्‍यौँ भन्नुभयो । गलत जान्दाजान्दै किन गठबन्धनमा जान्छन् त पार्टीहरू ?**

– दोस्रो पटक सरकारमा जानु हाम्रो पनि भूल थियो, गल्ती थियो । तर हाम्रो नियत गलत थिएन । एउटा कुरामा त हामी ठोकुवा गर्न सक्छौँ कि चार महिना वा १०० दिनको सरकारमा हामीप्रति अख्तियार दुरुपयोग, अपचलनजस्ता एउटा पनि औँला उठाउने ठाउँ छैन । त्यसमा हामी क्लिन भयौँ, क्लिन नै भएर निस्कियौँ ।

तर जनताको म्यान्डेट र त्यो वेलाको रिक्वारमेन्ट हामी नभएर त्यो गठबन्धन बन्दैन थियो, जुन गठबन्धनमा हामी थियौँ। त्यसैले हामीले अलि हतार गरेको हो कि, नजाने हो कि रु अहिलेलाई हुन्न भनेर मैले त भनेको पनि थिएँ। त्यसपछि मसँग पार्टीभित्रका दुई-चार जना मन्त्रीहरू रिसाए पनि। तर मैले त्यो वेला पनि स्विकारेकै छु कि, दोस्रो पटक सरकारमा जानु गलत हो। संगत पनि गलत नै भयो। आज आएर पार्टी र नेतृत्वले जुन मूल्य चुकाउनुपर्‍यो, त्यो त्यसैको उपज हो।

**० बहुमत र गठबन्धन संस्कृति दुवैको कुरा गर्नुभयो, तपाईंको विश्लेषणमा नेपालमा कस्तो सरकार बन्दा स्थिर हुन्छ त ?**

– कुनै पनि देशमा नम्बर अफ इन्स्टिच्युसन परिणाममुखी हुँदैन । संस्थागत अभ्यास भनेको संस्थाको संख्या बढाउने होइन, संस्थागत अभ्यास बढाउने हो । हामीकहाँ पहिलो समस्या संस्थाहरू बढाउनतिर लाग्यौँ । तर संस्थागत अभ्यासतिर लागेनौँ । इन्स्टिच्युसनलाइज्ड प्रोसेस अर नम्बर अफ इन्स्टिच्युसन भन्छ, तर हामी नम्बर अफ इन्स्टिच्युसनतिर लाग्यौँ । सरकारको संख्या बढाउने, मन्त्रालयहरू धेरै बढाउने, आयोग, नियोगहरू धेरै बनाउने, नियुक्ति हुने ठाउँहरू धेरै बनाउने । नम्बर अफ नियोग, आयोग धेरै बनाउनुको सट्टा हामीले धेरै एम्बेसीहरू बनाएको भए उत्पादन हुन्थ्यो । रिजल्ट ओरिएन्टेड हुन्थ्यो । उदाहरणका लागि, कूटनीतिक सम्बन्ध अझै विस्तार गर्न एम्बेसीहरू धेरै खोलेको हुन्थ्यो । तर हामी यो आयोग, त्यो आयोग भनेर त्यतातिर लाग्यौँ । जबकि ती सबैलाई मानव अधिकार आयोगभित्रको शाखा बनाएर राख्न सकिन्थ्यो वा राष्ट्रिय योजना आयोगको शाखा बनाएर राख्न पनि सकिन्थ्यो ।

अर्को कुरा, रिजल्ट ओरिएन्टेड काम भएन । अर्को पटक म सांसद हुन्छु, हुँदिनँ थाहा छैन, तर म यसपटक सांसद भएको कुरालाई चाहिँ जस्टिस गर्न चाहन्छु । अर्को कुरा, राजनीति जहिले पनि आगामी चुनावको लागि भयो । यसपालिको विजयका लागि भएन । मैले यसपालि जितेँ, त्यसैले म यसपालिचाहिँ डेलिभर गर्छु भन्ने भएन ।

एउटा निर्वाचनदेखि अर्को निर्वाचनको अवधि १८ सय २५ दिनको हुन्छ। नेपाली राजनीतिक संस्कृतिमा २५ दिन सेलिब्रेट गर्ने र १,८०० दिन अर्को निर्वाचनका लागि काम गर्ने किसिमको भयो। अहिल्यै पनि आशालाग्दा नेताहरू कति जना अर्को निर्वाचनका लागि दौडन थालिसक्नुभयो। सदनमा आएर बोल्ने, कानुन बनाउने, यो गर्ने, योजना बनाउने, भइराखेको संस्थागत अभ्यासहरूलाई सुधार्ने, कहीँ देखिँदैन। बरु अस्तिदेखि नै अर्को चुनावका लागि दौडिरहनुभएको छ।

यसको अर्थ सधैँ अर्को चुनाव जित्नका लागि राजनीति भयो । जितिसकेको चुनावमा पर्फर्म गर्नलाई भएन । संस्थागत रूपमा तपाईंले हेर्नुभयो भने इन्स्टिच्युसनको नम्बर बढाउने र त्यसमा कार्यकर्ताको लागि सेटलमेन्टको ठाउँ बढाउने मात्र भयो ।

**० तपाईंले भनेको चेतना नेताहरूमा नभएको हो त ?**

– प्राथमिकता नहुनु र चेतना नहुनु फरक कुरा हो । त्यसैले म चेतना भएको, तर प्राथमिकता नभएको भन्छु ।

**० केही नयाँ दलहरू पनि पुरानैको बाटोमा हिँडेको देखियो । अनि नागरिकले कोबाट आशा गर्ने ?**

– हाम्रो हकमा त्यो निष्कर्षमा नपुगिहाल्नुस् । अवश्य पनि तपाईंले आशय र आशंका गर्ने ठाउँ छ । तपाईंले आशंका गर्दै नगर्नुस्, त्यस्तो आशयमा बोल्नै मिल्दैन भनेरचाहिँ म भन्दिनँ ।

**० ग्यारेन्टी गर्न सक्नुहुन्छ त्यो बाटो अवलम्बन गर्दैनौँ भनेर ?**

– मेरो हकमा हुँदैन, अरूको जिम्मा लिन सक्दिनँ । त्यो अभ्यास गर्न हामी राजनीतिमा आएकै होइनौँ । हामी विगतमा अवसर नभएको, केही पनि काम नभएको र आफूसँग केही स्किल नभएको होइन । डेलिभर गर्न नसक्ने, यसरी नै अल्झिरहने हो भने करदाताको पैसा लिएर हामी धोका दिन राजनीतिमा रहिरहने छैनौँ । पार्टीको सबै जिम्मा त लिन सक्दिनँ । -रातोपाटीबाट साभार

# प्रभु साहले गभर्नर नियुक्तिबारे उठाए प्रश्न, ‘यही हो तपाईंहरूको दुई तिहाइको सुशासन ?’

काठमाडौं । आम जनता पार्टी ( आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बैंकरहरुको मनोमानी लुटले बैंकहरु अस्तव्यस्त भएको बताएका छन् । सर्वसधारणले ऋण नपाउने तर बैंककै प्रमोटर सेयरधनीले बैंकिङ क्षेत्रमा लुट मचाइरहँदा दुई तिहाईको शक्तिशाली सरकार के हेरेर बसेको भन्दै उनले प्रश्न समेत गरेका छन् ।

प्रतिनिधि सभाको शुक्रबार बसेको बैठकको विशेष समयमा सम्बोधन गर्दै आजपा अध्यक्ष साहले दुनियमा जो प्रहरी उही चोर, जो धनी उहीँ ऋणी कही पनि नभएको बताउदै ‘जो बैंकर छ, उहीँ ऋणी छ’ यसले देशलाई विनाश गर्ने बताए ।

‘सम्मानिय सभामुख महोदय, बैंकरहरूको मनोमानी लुटले आज बैंकहरु अस्तव्यस्त भएका छन् । एकातिर आम जनताले कर्जा पाइरहेको छैन र अर्कोतिर बैंकमा पैसा थुप्रिएको छ,’ आजपा अध्यक्ष साहले भने, ‘तरलता प्रशोधनको नाममा राष्ट्र बैंकले झण्डै २१ अर्ब ब्याज तिर्नुपरेको छ ।’

जनताले ब्याजमा पैसा नपाउने र जनताकै पैसाबाट बैंकलाई ब्याज दिनुपर्ने अवस्था रहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गराए । यी तथ्यांकहरू उल्लेख गर्दै उनले सरकारलाई प्रश्न गरे, ‘यही हो तपाईंहरूको दुई तिहाइको सुशासन ? दुई महिना अघि नै नियुक्त हुनुपर्ने गभर्नर अहिलेसम्म नियुक्त भएको छैन् । दुनियालाई थाहा छ तपाईहरुको द्वन्द्वको कारण, पार्टीका नेताहरुको द्वन्द्वको कारण गभर्नर नियुक्त नभएको कुरा छ्यापछ्प्ती छ ।’



गभर्नरको कार्यकाल सकिनुभन्दा एक महिना अघि नै गभर्नर नियुक्त गर्नुपर्ने हो । तर दुई तिहाईको शक्तिशाली सरकारले अहिले सम्ममा गभर्नर नियुक्त गर्न नसकेकोमा उनले सरकारको ध्यानाकर्ष समेत गराएका छन् । सत्तारुढ पार्टीहरूको आन्तरिक द्वन्द्वका कारण गर्भनर नियुक्त हुन नसकेको भनेर टिप्पणी भइराखेको पनि उनले स्मरण गराए । यस्तो परिस्थितिले देशको अर्थतन्त्रलाई असर गर्ने उनले बताए ।

अर्थतन्त्र सुधार गर्नका लागि बैंकिङ अवस्थामा समेत सुधार आउन आवश्यक रहेको उनले बताए । बैंकरहरूले विदेशमा पैसा लाने गरेको पनि उनले बताए । ‘बैंकरहरु जो नेपाली जनता गरिब जनताको पैसा लुटेर मनोमानी गर्ने र विदेश लाने यो जुन परिपाटी छ । यसलाई रोक्न जरुरी छ । दुनियामा काहीँ पनि जो ऋणी उहीँ धनी, जो धनी उहीँ ऋणी कही पनि थिएन् । जो बोक्सी उहीँ झाक्री हो भने देशमा विनाश हुन्छ सभामुख महोद्य । आज जो बैंकर छ उहीँ ऋणी छ । हामी हेर्छौं सिपाही र चोर एउटै हुदैन् । तर नेपालमा उही बैंकर उहीँ ऋणीका कारणले हाम्रो देशको अर्थतन्त्रमा ठुलो असर परिरहेको हामी देखिरहेका छौं,’ आजपा अध्यक्ष साहले भने ।

बैंकिङ पुजीँ झण्डै ८० खर्ब भन्दा माथि पुगेको बताउदै उनले भने, ‘जसको प्रमोटर सेयर बैंकर हो । त्यसको चार खर्ब वरिपरी त्यसको लगानी छ । तर होल कर्जाको झण्डै ७० प्रतिशत ति प्रमोटरहरुले चलाईरहेको रहेको स्थिति छ । भनेपछि जम्मा चार खर्ब लगानी गर्ने र ४० खर्बभन्दा बढी त्यो जनताको पैसा दोहन गर्ने यो भन्दा अत्याचार के हुन्छ ?’

बैंक तथा वित्तीय संस्था विस्तार हुँदै गएपछि क्रमशः आम नेपालीको वित्तीय पहुँच बढेको छ । बैंकहरूको कुल निक्षेप रजिस्टर्ड खाता ५ करोड ८३ लाख ९९ हजार ७ सय ८४ हाराहारीमा छ ।

रजिस्टर्ड निक्षेप खाता संख्या ५ करोडमाथि भए पनि सबै नियमित सञ्चालनमा भने छैनन् । बैंकमा एउटै व्यक्तिको ५-७ ओटा खाता खोल्ने प्रवृत्तिले जनसंख्याभन्दा धेरै देखिएको हो । कुल खातामध्ये ३ करोड ५३ लाख ७९ हजार खाता सक्रिय रूपमा सञ्चालित रहेको उल्लेख गर्दै सांसद साहले सेवाग्राहीले अपेक्षित सेवा लिन नसकिरहेको बताएका हुन् ।

जनताले बैंककमा बचत गर्न सक्ने तर, ऋण लिँदा अनेक झण्झट बेहोर्नुपर्ने अवस्था रहेको उनले बताए । ब्याज र सेवा शुल्कका नाममा बैंकले आफूखुसी निर्णय लिने गरेको समेत उनले बताए । एउटा बैंकको वालेटबाट अर्को वालेटमा पैसा ट्रान्सफर गर्दा झण्डै १२ रुपैया लाग्ने गरेको भन्दै उनले यस्तो कार्य बन्द गरिनुपर्ने माग समेत गरेका छन् । यस्तै बैंकबाट बिभिन्न कारणले पीडित भएकाहरुको उदार गर्न उनले सरकारको ध्यानाकर्षण गराए । बैंकहरुले मनोमानी रुपमा ब्याज बढाएर लिएको पैसा पनि फिर्ता गराउँनुपर्ने माग उनले गरे ।

## कोशी प्रदेश स्तरीय सुरक्षा गोष्ठी सम्पन्न

मोरङ । गृहमन्त्री रमेश लेखकको प्रमुख आतिथ्यतामा बुधबार आयोजित कार्यक्रम बीच कोशी प्रदेश स्तरीय सुरक्षा गोष्ठी, २०८२ विराटनगरमा सम्पन्न भएको छ । नेपाल सरकार गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशद्वारा संयुक्त रूपमा उक्त गोष्ठी आयोजना गरिएको हो ।

उक्त अवसरमा गृहमन्त्री लेखकले जिल्लाहरूको शान्ति सुरक्षा प्रभावकारी बनाउन र देखिएका समस्या एवम् चुनौतिलाई समाधान गर्न यस गोष्ठीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका हुन् ।

देशको आन्तरिक सुरक्षा मजबुद भए मात्रै विकास र समृद्धि सम्भव हुने उल्लेख गर्दै सुरक्षा व्यवस्था तथा आर्थिक अवस्था मजबुद बनाउन भन्सार चोरी निकासी, कालोबजारी, गुण्डागर्दी, भ्रष्टाचार, लागूऔषध दुर्व्यसन, सवारी दुर्घटना, आत्महत्या र साईबर अपराधका घटनाहरूलाई नियन्त्रण तथा निरूत्साहित गर्न सबै सरोकारवाला निकायहरू एकजुट भएर अगाडि बढ्नुपर्ने उनले बताए ।

संविधानको विरूद्धमा हुने कुनै पनि गतिविधि मान्य नहुने र शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि भावी रणनीति बनाएर काम गर्नुपर्ने बताउँदै विपद् व्यवस्थापनका लागि उपलब्ध स्रोतसाधनको उच्चतम प्रयोग गरी कार्यसम्पदान गर्नुपर्ने उनले बताए । सो अवसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्की, कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री रेवती रमण भण्डारी र कोशी प्रदेशका प्रमुख सचिव चन्द्रकला पौडेलले गोष्ठीको औचित्यबारे आ-आफ्नो विचार व्यक्त गरेका थिए ।

गोष्ठीमा प्रहरी महानिरीक्षक दिपक थापाले राज्यको आर्थिक, सामाजिक सुशासन, भौतिक पूर्वाधार र साँस्कृतिक विकास एवम् समृद्धिका निम्ति महत्वपूर्ण एवम् आधारभूत क्षेत्रको रूपमा रहेको सुरक्षा क्षेत्रलाई सक्षम, अब्बल र व्यावसायिक रूपमा विकसित गर्दै लैजान आवश्यक रहेको बताए ।

केन्द्रीय र प्रदेश स्तरबाट प्रभावकारी एवम् कुशल समन्वय र सहकार्य गरी कोशी प्रदेशको शान्ति सुरक्षा थप मजबुद बनाई व्यावसायिक तथा सक्षम प्रहरी सेवा प्रवाह गराउन र कानूनको निष्पक्ष कार्यान्वयन गरी विकासमैत्री वातावरण सृजना गर्न प्रतिबद्ध रहेको उनले उल्लेख गरे ।

प्रहरी महानिरीक्षक थापाले विधिको शासनलाई अझ सशक्त बनाउन, आम नागरिकलाई न्यायको प्रत्याभूति दिलाउन, राज्यले प्रदत्त गर्ने सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्न एवम् देश र समाजको दिगो विकास प्राप्तिमा नेपाल प्रहरी सदैव कटिबद्ध रहेको उल्लेख गरे । प्रदेशमा शान्ति सुव्यवस्था कायम राख्न थप सक्रियता एवम् रचनात्मक ढंगले आ-आफ्नो कार्यक्षेत्रमा अग्रसर रहि कार्य सम्पादन गर्न प्रदेश तथा जिल्ला प्रहरी प्रमुखहरूलाई उनले निर्देशन समेत दिए । सो अवसरमा नेपाली सेनाका रथी निर्मल कुमार थापा, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, गृह मन्त्रालयका सुरक्षा तथा समन्वय महाशाखाको तर्फबाट सह-सचिव रामचन्द्र तिवारी, कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव राम प्रसाद आचार्य लगायतले आ-आफ्नो मन्तव्य व्यक्त तथा प्रस्तुतीकरण गरेका थिए ।

गोष्ठीमा कोशी प्रदेश अन्तर्गतका १४ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आ-आफ्नो जिल्लाको विद्यमान शान्ति सुरक्षाको अवस्था, समस्या तथा चुनौति, समाधानका उपाय एवम् आगामी कार्यक्रम लगायत विविध विषयमा प्रस्तुतीकरण गरेका थिए । गोष्ठीमा कोशी प्रदेशको विद्यमान सुरक्षाको अवस्था, समस्या तथा चुनौति र आगामी कार्यभार लगायतको विषयमा विस्तृत छलफल भएको थियो । गोष्ठीको अध्यक्षता गर्नुभएका गृह सचिव गोकर्णमणी दुवाडीले मन्तव्य सहित गोष्ठी समापन गर्नुभयो । आजै बिहान शुरू भएको उक्त गोष्ठीमा कोशी प्रदेश अन्तर्गतका १४ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, प्रदेशस्थित सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरू एवम् जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।


**सूचना ! सूचना !! सूचना !!!**

**‘व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



**सूचना ! सूचना !! सूचना !!!**

**‘व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश


**सूचना ! सूचना !! सूचना !!!**

**‘व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# हङकङमा वर्किङ भिसा खुला गर्न सरकारले कुटनीतिक पहल गर्छ : श्रममन्त्री भण्डारी



काठमाडौं । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत् सिंह भण्डारीले हङकङले सन् २००५ देखि रोक लगाएको वर्किङ र घरेलु कामदार भिसा पुनः खुलाउन सरकारी स्तरबाटै कुटनीतिक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सिंहदरबारस्थित मन्त्रालयमा गैरआवासीय नेपाली संघकी महिला सचिव राधिका (टीका) गुरुङको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँगको भेटमा मन्त्री भण्डारीले सरकारले नयाँ-नयाँ श्रम गन्तव्यको खोजी गरिरहेको बेला हङकङ पनि एक आकर्षक गन्तव्य हुने भएकाले सरकारी स्तरबाटै कुटनीतिक पहल अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

उनले भने, “यसअघि हामीले लगातार पहल गरेकै कारण सीपमा आधारित भिसा खुला भएको छ, बिस्तारै वर्किङ र घरेलु महिला कामदारका लागि पनि भिसा खोल्ने भन्ने विषयमा हङकङसँग मात्रै कुरा गरेर भन्दा पनि बेइजिङसँग पनि कुटनितिक पहल अघि बढाउनु आवश्यक छ, त्यसका लागि सरकार पनि सचेत छ ।”

यसअघि सन् २०२४ को जुलाईबाट हङकङले दक्ष कामदारलाई सीपमा आधारित भिसा खुला गरेको थियो । भेटमा महिला सचिव गुरुङले एनआरएन हङकङले पटक- पटक वर्किङ भिसा खुल्ला गर्नका लागि कुटनीतिक पहल गर्न सरकारसँग अनुरोध गर्दै आएको स्मरण गराउँदै भने, “हाल हङकङ हाल ३० हजारको हाराहारीमा नेपालीहरु छन्, हावापानीदेखि सुरक्षा र तलवको हिसाबले पनि नेपाली युवाहरुका लागि हङकङ रोजगारीको आकर्षक गन्तव्य मुलुक भएकाले त्यहाँ भिसा खुलाउन तत्काल कुटनीतिक पहल गर्नुपर्छ ।”

हङकङमा घरेलु महिला कामदारको माग अत्याधिक रहेपनि भिसा नपाउँदा गैरकानूनी र अवैधानिक बाटोबाट महिलाहरु जने गरेको सचिव गुरुङले गराए । “घरेलु कामदारको ठूलो माग पनि छ, उहाँले भन्नुभयो “जोखिम मोलेर खाडी गइरहेका महिला दिदीबहिनीहरुका लागि हङकङमा बाटो खुल्ला गर्न सके निकै राम्रो अवसर पनि छ तर वैधानिक रुपमा जान नपाएपछि पछिल्लो समय महिलाहरु दलालमार्फत चर्को रकम तिरेर गैरकानूनी रुपमा हङकङ जान थालेका छन् यसले ठूलो समस्याको संकेत गरिसकेको छ ।” उनले थपे, “यसलाई समयमै रोक्न नसके भोलि ठूलो समस्या भोग्नुपर्छ ।”

जवाफमा मन्त्री भण्डारीले आफू पनि भिसा खुलाउनुपर्छ भन्नेमा गम्भीर रहेको उल्लेख गरे । उनले भने, “रोजगारीका लागि भिसा खुलाउन म पनि निकै सकारात्मक छु, सरकार गम्भीर छ तर त्यसमा सुरक्षाको ग्यारेन्टी पहिलो शर्त हो । हामीले हाम्रा चेलीलाई काममा विदेश पठाउँदै छौं भने उनीहरुको सुरक्षा पहिलो शर्त हो यसका लागि हामीले पनि हाम्रो तर्फबाट तयारी गर्नुपर्छ । अहिले हामीले युएईसँग पाइलट प्रोजेक्ट गर्ने योजना बनाएका छौं जसमा घरमा काम गर्न जाने महिला कामदारको सहजता र सुरक्षाका अधिकत्तम शर्तहरु रहनेछन्, त्यो सफल भए अन्य देशमा पनि त्यही अभ्यास अनुशरण गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ ।”

राष्ट्रिय समन्वय परिषद् हङकङका अध्यक्ष गोकर्ण प्रसाद ढकालले हङकङमा नेपाली युवाहरूका लागि सुरक्षित, मर्यादित र समुचित तलबसहितको रोजगारी उपलब्ध गराउन सक्ने सम्भावना रहेको हुँदा नेपालको अर्थतन्त्रमा रेमिट्यान्समार्फत पनि ठुलो योगदान हुन सक्ने उल्लेख गरे । उनले भने, “कामदार भिसा खुलाउने सन्दर्भमा नेपाली र हङकङ सरकारबीच द्विपक्षीय श्रम सम्झौता गर्न सकिने सम्भावना छ, जसले दीर्घकालीन समाधानको बाटो खोल्न सक्छ र अन्य मुलुकबाट हङकङ आउने कामदारहरूलाई अवसर दिइएको देखिन्छ, नेपालका लागि पनि समान अवसर उपलब्ध गराउन दबाब आवश्यक छ।”हङकङ सरकारसँग विश्वास निर्माण गर्न एनआरएन हङकङ, दूतावास तथा नेपाली सरकारबीच समन्वयात्मक पहल अपरिहार्य रहेको उनको भनाई थियो ।

भेटमा संसदीय समिति, मानव अधिकार आयोग तथा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराई राष्ट्रिय नीति निर्माण तहमा समेत छलफलको एजेण्डा बनाउन जरुरी रहेकाले आवश्यक पहल अघि बढाउन मन्त्री भण्डारीसमक्ष अनुरोध गरिएको थियो ।

रसियाका लागि श्रम स्वीकृति खुला गर्न अनुरोध

यसैबीच फरक प्रसंगमा संघका सिइओ राजेन्द्र कुमार राउतले लामो समयदेखि रसियामा श्रम स्वीकृति बन्द अवस्थामा रहेको भन्दै तत्काल त्यसलाई खुला गर्न मन्त्री समक्ष अनुरोध गरे । सिइओ राउतले तत्कालिन अवस्थालाई ध्यानमा राखी नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णयमा पुनरावलोकनका लागि पहल गरिदिई श्रम स्वीकृति कार्यलाई तत्काल सुचारु गरिदिन अनुरोध गरेका थिए ।

जवाफमा मन्त्री भण्डारीले रुसका लागि छिट्टै श्रम स्वीकृति खुलाउन आफू सकारात्मक रहेकोले कहाँ के भएर रोकिरहेको हो पुनः आवश्यक पहल गर्ने बताए ।

वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारका लागि श्रम स्वीकृति प्रदान गर्दा युद्धरत देश रुसमा सेनामा सहभागी हुन सक्ने सम्भावना रहेको र सोबाट सिर्जना हुन सक्ने मानवीय जोखिम रहेको भन्दै २०८० पुस १९ मा वैदेशिक रोजगार विभागले रुसका लागि श्रम स्वीकृति दिन रोकेको थियो ।यस सम्बन्धमा संघले पटक पटक श्रम तथा परराष्ट्र मन्त्रालयको समेत ध्यानाकर्षण गराउँदै आएको छ । यस्तै भेटका क्रममा पछिल्लो समय रोमनिया, क्रोयसिया लगायतका यूरोपेली मुलुकमा आकर्षक काम र तलवको प्रलोभन देखाइ ठगी गर्ने र उनीहरुलाई अलपत्र पार्ने गरेको विषयमा पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गराइएको थियो ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश



# स्थानीय जनप्रतिनिधिको मिलिमत्तोमा एकल महिलाको सम्पत्ति हडप्ने चलखेल

काठमाडौं । रौतहटको चन्द्रपुर नगरपालिका २ नम्बर वडाका अध्यक्ष दुत्तबहादुर थिङ ४ का वडाअध्यक्ष रवि रानामगरले अख्तियारीको दुरुपयोग गरेर एकल महिलामाथि अन्याय गरेको आरोप लागेको छ । आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी पीडित अन्जु केसीले आफूलाई न्याको लागि सघाउनुको सट्टा अध्यक्षदेखि अदालतका कर्मचारीसम्मको मिलिमत्तोमा थप पीडा दिएकोसमेत गुनासो गरेकी छन् ।

रौतहट जिल्ला चन्द्रपुर नगरपालिका वडा नम्बर २ जुडबेला निवासी अन्जु केसीले आफू एकल भएकोले स्थानीय सरकारदेखि अदालतका कर्मचारीसम्मले सहानुभूतिको सट्टा अन्यायको जाँतोमा पिसिरहेको आरोप लगाइन् । आफ्नो नाममा आइसकेका जमिनहरु पनि अध्यक्षहरुको योजनामा आफूले भोगचलन गर्न नदिएको उनको गुनासो छ ।

उनले भनिन् "मैले सम्मानित रौतहट जिल्ला अदालतबाट न्याय पाउँदा पनि दुई र चार वडाका अध्यक्षहरु र अदालत कर्मचारीहरुको मिलिमत्तोमा फैसला कार्यान्वयन नगरि घुस मागिरहेका छन् ।" आफ्नो करोडौंको जग्गा जमिन हडप्न सबै एकजुट भएपछि आफू न्यायको लागि काठमाडौं नै आउनु बाध्य भएको बताउँदै कसीले भनिन्,"विवाहा गरेको १३ वर्षमै श्रीमान गुमाएँ, १८ वर्षको जेठो छोरो गुमाए अहिले मेरो जीवन दाउमा छ, कान्छो छोरा जोगाउन गाह्रो परेको छ, मेरो अगाडी पछाडी कोही छैन, अब न्याय कसरी पाउने ?" "कहाँ जान्छ, के गर्छ भनेर चिओचर्चा गर्नेहरु हात धोएर लागेका छन्, मेरो अकालमा हत्या भयो भने यीनै सम्बन्धित व्यक्तिहरु जिम्मेवार हुनेछन् ।" उनले थपिन् ।

कतै उपाय नलागेपछी मिडियामार्फत आफ्नो जीवन रक्षा र अदालतबाट फैसला भइसकेको आदेश कार्यान्वयनको लागि आमरुपमा गुहार माग्नु परेको केसीले बताईन् । चन्द्रपुर नगरपालिका न्यायीक समिति, रौतहट जिल्ला अदालत, २ र ४ नम्बर वडालगायत सम्बन्धित निकायहरुबाट न्याय र बाँच्न पाउने अधिकारको रक्षाको आशा मरिसकेकोले नेपाल सरकार र सर्बोच्च अदालतलाई पनि उनले ध्यानाकर्षणसमेत गरेकी छन् ।

पत्रकार सम्मेलनमा माओवादी युवा नेता सोनाम घिसिङले आफू सम्बन्धित स्थानमा गएर सो विषयमा बुभ्दा स्थानीय जनप्रतिनिधी र सरकारी कर्मचारीहरुको मिलिमत्तोमा पीडितको सम्पत्ति हडप्ने प्रपञ्च रचेको स्पष्ट देखेको बताए ।

अर्का युवा नेता चन्द्र बहादुर तामाङ( बसन्त)ले पीडितको तर्फबाट प्रेस विज्ञप्ति वाचन गर्दै आफूहरुले रौतहटमा न्याय दिलाउन नसक्ने अवस्था देखिसकेपछी काठमाडौंमा आएर पत्रकार सम्मेलन गराएको बताए ।

के हो विषय बस्तु

रौतहट जिल्ला चन्द्रपुर नगरपालिका वडा नम्बर २ जुडबेला निवासी अन्जु केसी एकल महिला हुन् ।

करिब ४ वर्षपहिले चन्द्रपुर ४ का श्यामसुन्दर काफ्लेका दम्पत्तिले क्यान्टिन ब्यवसाय गर्न दिने भनि उनिबाट ८ लाख रुपैयाँ लिएपनि व्यवसाय गर्न नदिएपछी रकम फिर्ता माग्न जाँदा उल्टै ज्यान मार्ने धम्किसम्म दिएको उनले बताईन ।

सो विषय अदालतमा पुग्दा सम्मानित रौतहट जिल्ला अदालतले साँवा र ब्याज गरी १२ लाख भराउने एकलौटी फैसला गरेको र सो बराबरको निज श्यामसन्दर काफ्लेको छोरा आरुश काफ्लेको नाममा रहेको २ कित्ता जग्गा लिलाम गराउने फैसला गरेको थियो ।

त्यसबापत अदालतकै कर्मचारीले लिलाम सकार्न भनि १२ लाख रकम भर्न लगाएका थिए । सो रकम अन्जुको छोरा राजु जिम्बाको नामबाट अदालतमा १२ लाख जम्मा गराएकी थिइन् । तर रकम भरिसकेपछि अदालतका कर्मचारीहरु तहसिलदार दुर्गा कार्की, प्रकाश सुवेदी, विन्देश्वरी साह तथा वडाअध्यक्ष रवि रानामगर र श्यामसुन्दार काफ्ले परिवारको मिलेमत्तोमा तोकेको र काफ्ले परिवारले जायजाद गरेको कित्ता नम्बरको जग्गा लिलाम नगरी अर्कै जग्गा लिलाम गरेकोरहेछ । छोरा राजु जिम्बाको नाममा पूर्जा बनाउने आदेशअनुसार मालपोत कार्यालय रौतहटबाट पूर्जा पनि लिइन् । तर जब पूर्जा लिएर जमिन भोगचलन गर्न जाँदा छोराको नाममा आएको जग्गा भेटिएन । त्यसपछी उनिहरुले स्थानीय सरकार, अदालत प्रतिनिधि, प्रहरी-प्रशासन र स्थानीयहरुसँग गुहार गरी छलफल गर्दा भोलिपल्ट १० बजे तोकिएकै जग्गा लिन-दिन दुबै पक्षलाई अदालत बोलाईयो । तर काफ्लेपरिवार तथा वडा प्रतिनिधि अदालत आउनुको सट्टा आरुश काफ्लेको जग्गा आरुशकै फूपुदिदीको नाममा पास गर्न लागेका रहेछन्, सो जग्गा अहिले पीडितले रोक्का गरेकी छन् । एकल महिलालाई वडा अध्यक्षसहित सम्बन्धित सबै निकायले अधिकारबाट बञ्चित गराउन विभिन्न जालझेल तथा षड्यन्त्र त गरे नै यो मुद्धामा केसीलाई करिब ६० लाख रकमको ऋणले थिचेर मर्नु न बाँच्नुको दोसादमा पुर्‍याएको जनाउँछिन् ।

भने आर्कोतिर चन्द्रपुर वडा नम्बर २ मा पनि अदालतका कर्मचारी र वडा अध्यक्ष दुत्त बहादुर थिङको मिलेमतोमा उनको नाममा आइसकेको झण्डै आधा करोडको जग्गा पनि भोकचलन गर्न दिइएको छैन । सोही वडा अध्यक्ष थिङकै योजनामा पीडित महिलालाई उल्टै तीनवटा मुद्धा हालेर थप पीडा दिईरहेको छ ।

यसरी एक्ली महिलालाई राज्यका सम्पूर्ण शक्तिहरु एकजुट भई उनको नैसर्गिक अधिकारबाट बञ्चित गराउँदा न्यायका आशा र बाँच्न पाउने अधिकारको रक्षा हुन्छ भन्ने भरोषा टुटेको बताईन ।

# एनआरएमएको अन्तर्राष्ट्रिय समिति पुनर्गठन गरिने

काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टी निकट गैरआवासीय मधेशी संघ (एनआरएमए)को अन्तर्राष्ट्रिय समिति पुनर्गठन गरिने भएको छ ।

जनमतका केन्द्रीय प्रवक्ता डा.शरद सिंह यादवले आइतबार प्रेस विज्ञप्ति जारी गरी अन्तर्राष्ट्रिय समितिलाई प्रभावकारी बनाउन तीन महिनाभित्र पुनर्गठन हुने जनाएका छन् ।

आइतबार जनमत पार्टीको केन्द्रीय सचिवालय समितिको बैठकले एनआरएमएको अन्तर्राष्ट्रिय समितिमा विभिन्न समस्याहरु देखिएकोले पुनर्गठन गरिन लागिएको प्रवक्ता डा.यादवले जनाए ।

उनका अनुसार विभिन्न देशका इन्चार्जहरु तथा अन्तर्राष्ट्रिय समितिको बैठक बसी आवश्यक छलफल गरी पुनर्गठन गरिनेछ ।

# मधेशी आयोगका निवर्तमान अध्यक्ष डा. दत्तद्वारा आतंकवादविरुद्ध शून्य सहनशीलताको नीति अपनाउन आग्रह



काठमाडौं । मधेशी आयोगका निवर्तमान अध्यक्ष डा. विजयकुमार दत्तले आतङ्कवादविरुद्धको लडाइँमा सबै राष्ट्रले शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्ने स्पष्ट अभिव्यक्ति दिएका छन् । उक्त अभिव्यक्ति उनले सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गर्दै आतङ्कवाद मानव समाज, परिवार र सम्पूर्ण राष्ट्रको स्थायित्व तथा शान्तिका लागि गम्भीर चुनौती भएको उल्लेख गरेका छन् ।

डा. दत्तले आफ्नो पोस्टमार्फत भनेका छन्, "आतङ्कवादले समाजको मूल आधारलाई नै ध्वस्त पार्दछ। यसविरुद्धको लडाइँमा सम्पूर्ण राष्ट्रहरू एकताबद्ध भएर साझा रूपमा अग्रसर हुन आवश्यक छ। कुनै पनि देशले आतङ्कवादी गतिविधिलाई आश्रय दिनु वा प्रत्यक्ष-परोक्ष रूपमा समर्थन गर्नु कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन ।"

उनले आतङ्कवादको जरो समूल उन्मूलन गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा साझा प्रयास र दृढ राजनीतिक इच्छाशक्तिको आवश्यकता रहेको धारणा व्यक्त गरेका छन् । उनका अनुसार, विश्व शान्तिको सुनिश्चितता तथा सुरक्षित भविष्यका लागि आतङ्कवादप्रति कडा नीति आवश्यक छ ।


**समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।**

**मधेश प्रदेश सरकार**

**शिक्षा तथा संस्कृति मन्त्रालय**

**जनकपुरधाम, धनुषा, नेपाल**



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**

**पर्सा, मधेश प्रदेश**



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**

**महोत्तरी, मधेश प्रदेश**



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बसबरीया गाउँपालिका**

**सर्लाही, मधेश प्रदेश**

# नेपाल लाइफले खोल्यो इन्भेष्टमेन्ट कम्पनी

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो पूर्ण स्वामित्वमा स्थापना गरिएको सहायक कम्पनी 'नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनी लिमिटेड' को औपचारिक शुभारम्भ गरेको छ । कम्पनीका सञ्चालक समितिका अध्यक्ष गोविन्द लाल संघई र नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले संयुक्त रूपमा कम्पनीको केन्द्रीय कार्यालय उद्घाटन गरेका हुन् । नेपाल लाइफले पाँच अर्ब रुपैयाँको लगानीमा सहायक कम्पनीका रूपमा नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनी स्थापना गरेको हो । बीमा बजारमा २५ वर्षमा प्रवेश गर्दै गरेको अवसरमा कम्पनीले यो नयाँ यात्रा सुरु गरेको हो ।




उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको सञ्चालक समितिका अध्यक्ष गोविन्द लाल संघईले नेपाल लाइफले २५ औं वर्ष प्रवेश गर्दै गर्दा सर्वाधिक विश्वासिलो र करिव ३० प्रतिशत बजार हिस्सा ओगट्न सफल भएको बताएका छन् । नेपाल लाइफले प्रत्येक परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्न जीवन बीमाको माध्यमबाट महत्वपूर्ण भूमिका खेल्दै आएको छ भन्दै उनले उच्च प्रतिफल प्रदान गर्न तथा बजारका चुनौतीहरूलाई न्यूनिकरण गर्न कम्पनीले नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनी स्थापना गरिएको बताए । "लगानी विविधिकरण हाम्रो मूल उद्देश्य हो, यही उद्देश्यका साथ हामीले सहायक कम्पनी स्थापना गरेका हौं," उनले स्पष्ट पारे । संघईले नियामक निकायका नियमहरूअनुसार अगाडि बढ्दै कम्पनीले स्थापना गरेको नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनीले उदाहरणीय कम्पनीको रूपमा आफूलाई स्थापित गर्न सक्ने विश्वास व्यक्त गरे। साथै, संस्थागत सुशासन कायम राख्दै उच्चतम प्रतिफल प्रदान गर्न सकिनेमा पनि उनले आशा व्यक्त गरे ।

नेपाल लाइफ इन्स्योरेन्सले लगानीको विविधिकरण गर्दै सुरु गरेको नयाँ प्रयासप्रति नेपाल बीमा प्राधिकरणले प्रशंसा व्यक्त गरेको छ । प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले उक्त प्रयासलाई बीमा क्षेत्रको दीर्घकालीन सुदृढीकरणका लागि एक महत्वपूर्ण कदम भएको बताएका छन् । कार्यक्रममा सम्बोधन गर्दै सुवेदीले जनताको बचत र सम्पत्तिबाट संकलित बीमा कोषको सही संरक्षण र सदुपयोग बीमा कम्पनीहरूको गम्भीर जिम्मेवारी भएको उल्लेख गरे । उनले भने, "मिहिनेत, पसिना बगाएर वा व्यापार व्यवसायमार्फत कमाइएको जनताको पैसा अन्ततः बीमा कोषमा जम्मा हुन्छ । त्यसैले यो केवल आम्दानी होइन, जिम्मेवारी पनि हो ।" उनले एकै ठाउँमा पूँजी केन्द्रित गर्दा जोखिम बढ्ने भएकाले लगानीको विविधिकरण अपरिहार्य भएको बताए । "एउटै 'बास्केट'मा सबै पैसा राख्दा जोखिम बढ्छ । विभिन्न 'बास्केट' मार्फत जोखिम न्यूनीकरण गर्नु नै विविधिकरण हो, जुन नेपाल लाइफले आज आत्मसात् गरेको छ," सुवेदीले उल्लेख गरे । नेपाल लाइफद्वारा स्थापना गरिएको लगानी कम्पनीमार्फत ५ अर्ब रुपैयाँको अतिरिक्त लगानी जिम्मेवारी उठाउनु सकारात्मक भए पनि चुनौतीपूर्ण रहेको भन्दै उनले भने, "यो रकम स्थिर राख्न मिल्दैन, यसलाई वृद्धि गर्नुपर्छ । यसको लागि उत्कृष्ट उपकरण, नवीनतम प्रविधि र रणनीति आवश्यक पर्छ ।""मार्केट लिडर बन्न सजिलो छैन, तर तपाईंहरूको हरेक कदम अरूका लागि उदाहरण बन्न सक्छ । तपाईंहरूले सुरु गर्नुभएको यो नवीन प्रयासको म उच्च प्रशंसा गर्छु," सुवेदीले भने ।
कम्पनीका सञ्चालक समितिका सदस्य कमलेश कुमार अग्रवालले नेपाल लाइफ इन्स्योरेन्स विगत २५ वर्षको अवधिमा देशकै उत्कृष्ट बीमा कम्पनीको रूपमा स्थापित भइसकेको उल्लेख गर्दै, लगानीकर्तादेखि बीमित र कर्मचारीसम्म सबैको योगदानले कम्पनीलाई यो स्थानमा पुऱ्याएको बताए ।

उनका अनुसार नेपाल लाइफले हालसम्म २ खर्ब २५ अर्ब रुपैयाँको जीवन बीमा कोष निर्माण गरिसकेको छ । कम्पनीसँग हाल १७ लाखभन्दा बढी बीमित र १ लाख ८६ हजार लगानीकर्ता रहेका छन्। कम्पनीले आगामी पाँच वर्षभित्र जीवन बीमा कोष ५ खर्ब रुपैयाँ पुऱ्याउने लक्ष्य लिएको छ। उक्त लक्ष्य हासिल गर्न र बीमित तथा लगानीकर्तालाई अझ उत्कृष्ट प्रतिफल दिन 'नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनी' स्थापना गर्नु अपरिहार्य रहेको अग्रवालले बताए । उनले भने, "बीमा अब केवल सुरक्षा मात्रै नभई लगानीको प्रतिफल दिने माध्यम पनि बनेको छ । बीमितलाई दीर्घकालीन उच्च प्रतिफल दिने लक्ष्यसहित हामीले यो कम्पनी खोल्न लागेको हौं।"नेपाल लाइफको मुख्य उद्देश्य बीमा सेवा प्रदान गर्नु हो भने, उच्च प्रतिफल सुनिश्चित गर्न विशेषज्ञ र विशिष्टीकृत संस्था आवश्यक भएको अग्रवालको भनाइ छ। नयाँ लगानी कम्पनीमार्फत कम्पनीले रियल इस्टेट, कृषि, पर्यटन, होटल, केवलकार, नविकरणीय ऊर्जा, जलविद्युत्, सौर्य ऊर्जा लगायतका क्षेत्रमा लगानी गर्न सक्नेछ ।

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले आफ्नो साढे दुई दशकको यात्रा पार गर्दै बीमा बजारमा मार्केट लिडरको रुपमा स्थापित भइसकेपछि, अब संस्थागत रुपमा लगानी विविधिकरणलाई थप गति दिन 'नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनी' स्थापना गरिएको प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले प्रष्ट पारेका छन् । पराजुलीका अनुसार यो कदम नेपाल लाइफको संरचनात्मक डिपार्चर हो, जसले कम्पनीको कोर भ्यालु बढाउने दिशामा महत्वपूर्ण टेवा पुऱ्याउनेछ ।"बीमा ऐनले लगानी विविधिकरणलाई नीतिगत रुपमा स्पष्ट पारेपछि हामीले पनि त्यसै अनुसार लगानीको दायरा फराकिलो बनाउँदै लगिरहेका छौं । नेपाल लाइफ इन्भेष्टमेन्ट कम्पनीको स्थापनाले यो नीतिलाई मूर्तरुप दिन यस्तो कार्यको सुरुवात गरेको हो," पराजुलीले भने । उनका अनुसार लगानी एक पटकमा हुने प्रक्रिया होइन, जहाँ जोखिम पनि सँगै आउँछ । त्यसैले लगानीको राम्रो व्यवस्थापन, नियमित अनुगमन र सटिक निर्णयको लागि छुट्टै दक्ष जनशक्ति र विशेषज्ञ टिम आवश्यक हुने देखिएपछि कम्पनीले छुट्टै संस्था स्थापना गरेको हो । नेपाल लाइफले हेटौंडा र इटहरीमा भवन निर्माणका लागि आवश्यक जग्गा खरिद भइसकेको र विराटनगरमा पनि प्रक्रिया अगाडि बढिरहेको जानकारी दिए। यस आर्थिक वर्षभित्र कम्तीमा ६ स्थानमा जग्गा खरिदको योजना रहेको उनले बताए।




## जिल्ला समाचार

### 'परवानीपुरदेखि पटेलनगर क्षेत्रमा जल निकासी प्रणालीमा सुधार हुन्छ'

वीरगन्ज । खानेपानीमन्त्री प्रदीप यादले वीरगञ्ज महानगरपालिका-१८ सुप्चैना र वडा न २१ परवानीपुर क्षेत्रमा अब जल निकासी प्रणालीमा सुधार हुने बताएका छन् । वीरगञ्ज महानगरपालिका-२१ स्थित परवानीपुरदेखि पटेलनगर जाने सडक खण्डमा नाला तथा ढलान निर्माण कार्यको शिलान्यास गर्दै मन्त्री यादवले उक्त निर्माण सम्पन्न भएपछि सो क्षेत्रमा वर्षातको समयमा हुने जल जमावटको समस्या पूर्ण रुपमा समाधान हुने र आवागमनमा समेत सहजता आउने बताएका हुन् । उनले भने, "नाला तथा ढलान निर्माणपछि यो क्षेत्रको जल निकासी प्रणाली सुधार हुने र सडक व्यवस्थित हुने छ । विकास निर्माणको कार्यमा सबै पक्षको सहकार्य आवश्यक छ ।" यसैगरी मन्त्री यादवले स्थानीय पूर्वाधार विकासलाई प्राथमिकता दिँदै नागरिकको दैनिक जीवन सहज बनाउन यस्ता आयोजना निकै महत्वपूर्ण रहेको रहेको समेत उल्लेख गरे । उनले भने, "खानेपानी तथा ढल निकासको क्षेत्रमा निकै उल्लेख्य कामहरु भएका छन् । नागरिकको दैनिक जीवन सहज बनाउन सरकार पूर्ण प्रतिबद्ध छ ।" मन्त्री यादवले उक्त क्षेत्र आफ्नो निर्वाचन क्षेत्रभित्र पर्ने भएकाले यस वडाका जनताको समस्या बुझेर उहाँहरुको सुविधाका लागि आवश्यक बजेट विनियोजन गरी यो कार्यको शुभारम्भ गरिएको समेत जानकारी दिए । शुद्ध खानेपानी वितरण, नाला तथा ढलान निर्माणजस्ता जनताको प्रत्यक्ष जीवनसँग जोडिएका सेवा सुविधाहरूलाई प्राथमिकतामा राख्दै ती कार्य समयमै सम्पन्न गर्न समेत मन्त्री यादवले सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिएका छन् ।

### क्याम्पसमा फौजदारी न्यायबारे अन्तरक्रिया

सप्तरी । रूपनगर क्याम्पसमा 'समुदायमा सरकारी वकील' विषयमा अन्तर्क्रिया आयोजन गरिएको छ । रूपनगर नन्दराज संग्रौला क्याम्पसले उच्च सरकारी वकील कार्यालय, राजविराजसँग मिलेर सो कार्यक्रम सञ्चालन गरेको हो । सहायक-न्यायाधिवक्ता विकास बञ्जाराले फौजदारी न्यायका विषयमा समुदायका हरेक सदस्यले जान्नुपर्ने विभिन्न पक्षबारे प्रस्तुतीकरण गर्नु भएको थियो। प्रस्तुति पछि विद्यार्थी, शिक्षक, कर्मचारीले सरकारी वकीलहरूसँग फौजदारी मुद्दाका विविध पक्षमा सवाल जवाफ गरेका थिए । कार्यक्रमको मूल विषय फौजदारी मुद्दा तोकिएको भए पनि अन्तरक्रियाको क्रममा सहभागीहरूले साइबर कानून, वैवाहिक समस्या, पारपाचुके, बालबालिकाका समस्या जस्ता विषयमा धेरै जिज्ञाशा राखेका थिए। उप-न्यायाधिवक्ता नवराज रेग्मी, सहायक न्यायाधिवक्ता विद्यानन्द साह लगायत विज्ञले प्रश्नहरूका जवाफ दिएका थिए । रूपनगर क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलको प्रमुख आतिथ्यमा सम्पन्न अन्तर्क्रिया कार्यक्रमको सभापतित्व सह-न्यायाधिवक्ता धर्मअवतार कोइरालाले गरेका थिए ।

### बैजनाथ ८ मा सार्वजनिक सुनुवाई सम्पन्न

नेपालगञ्ज । बैझनाथ गाउँपालिका वडा नम्बर ८ टिटिहिरियाले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । बैजनाथ गाउँपालिका वडा नम्बर ८ को आयोजना र बास नेपालको सहजीकरणमा सोमवार वडा नम्बर ८ को वडा कार्यालयमा ६ बुद्धे साझा सार्बजनिक प्रतिबद्धताका साथ सम्पन्न भएको हो । बैझनाथ गाँउपालिका वडा नम्बर ८ को कार्यालयले दिने सेवा सुबिधाको प्रभावकारिता बिषयक सार्बजनिक सुनुवाई कार्यक्रमबाट कृषकले प्राप्त गर्ने अनुदान वापतमो मकैको बिऊ गुणस्तिरिय नभएको गुनासो आएपछि त्यसको लागि पालिकाको कृषि शाखा सँग बुझि समस्या समाधानको लागि पहल गर्ने, मेल मिलाप समितिको बैठक बस्ने कार्यकक्ष नभएकाले वडाले तत्काल त्यस्को ब्यवस्था गर्ने, खुल्ला छलफलमा अधिकाँस टोलमा खानेपानी अभाव भएको गुनासो आएकाले त्यस्को समाधानका लागि वडा कार्यालयले पालिका सँग समन्वय गरी समस्या समाधान गर्ने प्रतिबद्धता गरिएको छ । त्यस्तै नाउ टोल र दुधान टोलमा बाटो र नालीको समस्या भएकोमा ति टोलबाट स्थानियहरुको सहमती सहित वडामा निदेदन दिन आएमा त्यसको लागि पहल गर्ने, स्वास्थ्य चौकीको गेटमा डिजिटल साईनबोर्ड नहुँदा रातीमा स्वास्थ्य संस्थामा आउने बिरामीहरुलाई असहज हुने गुनासो पश्चात डिजिटल बोर्ड सञ्चालनका लागि वडाले तत्काल पहल गर्ने, लक्षित बर्ग उत्थान कार्यक्रम अन्तर्गत बिभिन्न तालिमको माग आएकाले वडाबाट त्यस्तो कार्यक्रम नभएको र सबै कार्यक्रम पालिकाले नै सञ्चालन भएकाले पालिका सँग समन्वय गरी काम गर्ने, प्रतिबद्धताहरु गरिएको छ । एक सय बढिको सहभागीता रहेको सार्बजनिक सुनुवाईमा सरोकारवाला ब्यीक्तहरुको रुपमा बैझनाथ गाँउपालिका वडा नम्बर ८ का वडा अध्यक्ष भगन थारु, कार्यपालिका सदस्य कृष्ण कुमारी सुनार, वडा सदस्यहरु सुक बहादुर रावत, धिरेन्द्र सिंह ठकुरी, बिमला सिंह थारु, वडा सचिब डम्बर बहादुर खत्री, स्वास्थ्य चौकी ईन्चार्ज बिरेन्द्र शाही रहेका थिए । २ घण्टा सम्म चलेको सार्बजनिक सुनुवाई कार्यक्रममा पालिका बाट पाउने कृषि अनुदानमा गुणस्तिरियाता नभएको, वडाका बिभिन्न टोलमा बाटोघाटो र नालीको ब्यवस्था नहुदा बर्षामा डुवान हुने, बिभिन्न समुदायमा पिउने पानीको अभाव भएको, स्याथ्यचौकीको गेटमा डिजिटल बोर्ड नहुँदा रातीमा सेवा लिन आउने बिरामीहरुमा असहजता भएको, लक्षित बर्ग उत्थान कार्यक्रमहरु केही पनि वडाबाट सञ्चालन नभएको गुनासाहरु सहभागीहरुले राखेको थिए भने वडा अध्यक्ष भगन थारुले गुनासाको सुनुवाई गरेका थिए । बास नेपालका कार्यक्रम संयोजक शोभा थापाले स्वागत तथा कार्यक्रमको उद्धेश्यमाथि प्रकाश पारेका थिए भने वडा सचिव डम्बर बहादुर खत्रीले आर्थिक बर्ष २०८१ ०८२ को प्रगति प्रतिबेदन प्रस्तुत गरेका थिए । बास नेपालका जन सम्पर्क अधिकृत माधव कार्कीले सार्बजनिक सुनुवाईको सहजीकरण गरेको थिए ।

### स्रोत नखुलेको रकमसहित दुई जना पक्राउ

रूपन्देही । सिद्धार्थनगर नगरपालिका-५ बैङरोडबाट स्रोत नखुलेको नगद १३ लाख ५० हजार रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सम्मरीमाई गाउँपालिका-७ बस्ने ३८ वर्षीय दिनेश वनिया र ३५ वर्षीया पिङ्की वनिया रहेका छन् । जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट खटिएको प्रहरीले लु.६८ प ४७९ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त नगद फेला पारी चालक दिनेश र मोटरसाइकलमा सवार पिङ्कीलाई पक्राउ गरेको हो ।

# भारतका मन्त्री यादवको नेपाल भ्रमण



काठमाडौं । 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' विषयमा जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा आयोजित 'सगरमाथा संवाद' लाई भारतीय पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले सम्बोधन गरेका छन् ।

नेपालको औपचारिक भ्रमणमा रहेका मन्त्री यादवले 'सगरमाथा संवाद' लाई सम्बोधन गर्दै विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय महत्वका प्रमुख विषयहरुमा छलफल गर्न नेपाल सरकारले स्थापना गरेको 'सगरमाथा संवाद' विश्वव्यापी संवाद मञ्च भएको बताए ।

मन्त्री यादवले जलवायु कार्य र वातावरणीय संरक्षणतर्फ क्षेत्रीय प्रयासहरुप्रति भारतको प्रतिबद्धतालाई जोड दिए ।

मन्त्री यादवले समकक्षी नेपालका वन तथा वातावरण मन्त्री ऐन बहादुर शाही ठकुरीसँग समेत द्विपक्षीय कुराकानी गरेका छन् । उनीहरुबीच वातावरणको क्षेत्रमा विभिन्न द्विपक्षीय तथा क्षेत्रीय पहलहरुमा भएका प्रगतिहरुको समीक्षाका साथै थप सहकार्यका अवसरहरुबारे छलफल भएको हो ।

सगरमाथा संवाद २०२५ को साइडलाइनमा मन्त्री यादवले परराष्ट्रमन्त्री डा.आरजु राणा देउवासँग पनि भेट गरे । उक्त भेटमा दुवै नेताहरुले वातावरणको क्षेत्रमा भारत-नेपाल सहकार्यलाई सुदृढ पार्ने बारेमा फलदायी छलफल गरे ।

यस्तै मन्त्री यादवले आज नै प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि शिष्टाचार भेटवार्ता गरे । उनले प्रधानमन्त्रीलाई भारतको नेतृत्वबाट अभिवादन व्यक्त गर्नुका साथै सगरमाथा संवादको पहिलो संस्करण सफलतापूर्वक आयोजना गरेकोमा बधाई दिए । ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत र जनता-जनताबीचमा गहिरो सम्बन्ध रहेको भन्दै भारत र नेपालबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध बारे चर्चा भएको छ । वातावरण संरक्षणको क्षेत्रमा भारत-नेपाल सहकार्यलाई थप सुदृढ पार्ने तरिकाहरुबारे पनि छलफल भएको थियो ।

भ्रमणको क्रममा माननीय पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्री यावदले ललितपुर जिल्लास्थित युनेस्को विश्व सम्पदा स्थलको रुपमा चिनिने पाटन दरबार स्क्वायर नजिकै अवस्थित अदालत भवन र श्री जेष्ठ वर्ण महाविहारको पनि भ्रमण गरे ।

यी दुई परियोजनाहरु २०७२ सालको विनाशकारी भूकम्प पश्चात भारत सरकारको सहयोगमा सञ्चालन भइरहेका ३० सांस्कृतिक क्षेत्र पुनर्निर्माण परियोजनाहरुमध्येका हुन् ।

सगरमाथा संवादमा सहभागीता जनाउन तथा अन्य प्रमुख द्विपक्षीय भेटघाटहरु गर्न भारतका माननीय पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्रीको नेपाल भ्रमणले दुई देशहरुबीच हुने नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिइएको छ ।

## भारतद्वारा सवारीसाधन हस्तान्तरण

काठमाडौं । नेपाल सरकारद्वारा यसै हप्ता आयोजना गरिएको सगरमाथा संवादको पहिलो संस्करणका लागि सहयोगस्वरुप भारत सरकारले १५ ओटा विद्युतीय सवारी साधन (गाडी) उपलब्ध गराएको छ । नेपाल भारत सहयोग कार्यक्रम अन्तर्गत उपलब्ध गराइएका ती सवारी साधन परराष्ट्र मन्त्रालयमा आयोजित एक समारोहमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवालाई नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले हस्तान्तरण गरेका हुन् । त्यस अवसरमा मन्त्री डा राणाले नेपालले आयोजना गरेको सगरमाथा संवादका लागि उपलब्ध गराएको सो सहयोगका लागि भारत सरकारलाई धन्यवाद ज्ञापन गरिन । उनले जलवायु परिवर्तन नेपालको मात्र नभएर यस क्षेत्रकै एक साझा चुनौतीका रुपमा रहेकाले यसको समाधानका लागि पनि सबैको आपसी समन्वय र सामूहिक प्रयास आवश्यक रहेकोमा जोड दिइन् ।

# दुई बन्दरगाहबाट नेपाल ल्याउने सबै सामानमा छुट




काठमाडौं। नेपालले अब भारतीय बन्दरगाहमार्फत् विराटनगर आइसिपीसम्म तेस्रो देशबाट सबै प्रकारका सामान ल्याउन पाउने भएको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले दिएको जानकारी अनुसार भारतले कोलकाता र हल्दिया बन्दरगाह हुँदै विराटनगरको आइसिपीसम्म तेस्रो मुलुकबाट सबै प्रकारका वस्तुहरू रेलकार्गोमार्फत् ल्याउन सहमति दिएको हो।

'भारतको वाणिज्य मन्त्रालयले नेपालको वाणिज्य मन्त्रालयलाई पत्र पठाउँदै अब तेस्रो मुलुकका सबै प्रकारका वस्तु ल्याउन पाउने गरी सहमति दिएको हो,' शुक्रबार मन्त्री भण्डारीले विराटनगरमा भने, 'अब विराटनगरको आइसिपीसम्म एक महिनाभित्रै रेलकार्गोबाट समुद्रपारका सबै वस्तु ल्याउन पाइनेछ।'

मोरङ उद्योग व्यापार संघको ७४ औं साधारण सभालाई सम्बोधनका क्रममा उनले यो जानकारी दिएका हुन्। नेपाल र भारतले यस अघि गरेको पारवहन सन्धीमा सीमित वस्तु मात्रै यसरी ल्याउन पाइने उल्लेख थियो। २०८० जेठ १८ मा नेपाल र भारतबीच नयाँ पारवहन सन्धिमा हस्ताक्षर भएको थियो। तेस्रो देशबाट भारतको हल्दिया र कोलकाता बन्दरगाह हुँदै कोइला, क्लिंकर, सिमेन्ट र रासायनिक मल मात्र आयात गर्न पाइने सो सन्धिमा उल्लेख थियो। अब भने सबै सामान ल्याउन पाइने भएको मन्त्रीले जानकारी दिए।

'दुई देशबीचको अन्तरसरकारी बैठकबाट आएको परिणाम हो यो,' मन्त्री भण्डारीले भने, 'बैठकमा नेपाल पक्षले रेलकार्गोबाट सबै प्रकारका वस्तु आयात गर्न पाउने गरी सन्धि संशोधन गर्ने मुद्दा उठाएको थियो। भारतीय पक्ष यसमा सहमत थियो। सोही अनुसार भारतबाट हामीलाई भर्खरै पत्र प्राप्त भएको छ। अब केही दिनभित्रै उक्त सहमति पारवहन सन्धिको अंग बन्ने छ। त्यसपछि रेलकार्गोमार्फत विराटनगरको आइसिपीसम्म तेस्रो मुलुकबाट जेजस्ता पनि सामानको आयात गर्न सकिने छ।'

मन्त्री भण्डारीले अबको एक महिनाभित्र यो सुविधा सुरू हुने विश्वास व्यक्त गरेका छन्।


## गणतन्त्र दिवस, २०८२ भव्यरुपमा मनाऔं

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं ।

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।

लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सर्लाहीको...

दण्डहीनताको संस्कृति भएर देखा पर्छ, जसको मूल्य सम्पूर्ण मुलुकले चुकाउनु पर्नेछ।"

उनले पीडित परिवारलाई तत्काल न्याय दिन, सुरक्षाको प्रत्याभूति गराउन र गरिमासाथ पुनर्स्थापनाका लागि प्रभावकारी कदम चाल्न आग्रह गरेका छन् ।

नेपाल संघीय समाजवादी पार्टीले यो घटनालाई गम्भीर मानव अधिकार उल्लंघनका रूपमा लिँदै सम्पूर्ण न्यायप्रेमी नागरिक, नागरिक समाज, राजनीतिक दल र मिडिया जगतलाई आवाज उठाउन आह्वान गरेको छ ।

"जात, धर्म, वर्ग वा विचारका आधारमा कोही पनि अपमानित, पीडित वा प्रताडित हुनु भनेको सम्पूर्ण राष्ट्रको हार हो। हामी यस्तो अन्यायलाई कहिल्यै सहन सक्दैनौं, विरोधमा अन्तिमसम्म उभिन्छौं।" उनले भनेका छन् ।

## सर्लाहीको...

मधेसको अग्रणी स्थान रहेको उनले बताए । प्रत्येक आन्दोलन तराई मधेसबाटै उठान भएको र त्यसमा तराई मधेसको विशेष र अग्रणी योग्दान रहेको स्मरण आजपा अध्यक्ष साहले गरे । त्यही आन्दोलनको बलमा नेताहरु संसद भवनमा आएको विभिन्न तन्त्रको अभ्यास गरिरहेको बताउदै उनले त्यही तराई मधेस किन विभेदमा परयो भन्ने उनले प्रश्न गरे ।

'नेपालको हरेक परिवर्तनमा तराई मधेसको विशेष भुमिका छ, अग्रणी स्थान रहेको छ । तर त्यही तराई मधेससंग किन विभेद गरिएको छ । तराई मधेसले तपाईहरुको के विगारेको छ ? हिजोका दिनमा देशको समृद्ध क्षेत्र आज मानव विकास सूचांकमा किन पछाडी छ ? हिजोको दिनमा दुई तिहाई आर्थिक योगदान गर्ने क्षेत्र सबैभन्दा पाछाडी हुँदा त्यहाँको शासन सत्ता चलाउनेहरुलाई लाज लाग्नुपर्ने हो । जो प्रकृतिले दिएको छ उ पछाडी हुनु स्वभाविक छ, तर तराई मधेस प्रकृतिले पछाडी दिएको होईन् । जसले तराई मधेसलाई प्रयोग गरेर शासन व्यवस्थामा आयो उसैले उसंग गद्धारी गर्यो, धोखा दिएको कारण आज पछाडी छ । नेपालमा समृद्ध क्षेत्र, आकर्षित क्षेत्र आज हरेक क्षेत्रमा मावन विकास सूचांकमा पछाडी हुनु यसको जिम्मेवारी कसले लिने भन्ने म प्रश्न गर्न चाहन्छु' आजपा अध्यक्ष साहले प्रश्न गरे ।

शासन व्यवस्था सञ्चालन गर्नेहरुंग प्रश्न गर्दै उनले भने, 'जो अगाडी थियो त्यसलाई कसरी पछाडी पार्नुभयो ? मधेस पछाडी परेको जिम्मेवारी कसले लिने ?'

तराई मधेस मानव विकास सूचांकमा पछाडी पारिएको, शिक्षा, स्वास्थ्य, रोजगार लगायतका क्षेत्रमा पछाडी पार्ने काम शासन व्यवस्थामा हुनेले गरेको उनले बताए ।

'हाम्रा महान नेतालाई सोध्ने की नसोध्ने, हिजो अगाडी रहेको क्षेत्र कसरी पछाडी पर्यो ? जिम्मेवारी कसले लिने ? आज काठमाडौंमा १० जना १५ जनामा एउटा टिचर पर्छ तर तराई मधेसमा एक सय डेढ सयमा एउटा टिचर पर्छ । के बच्चाहरु प्रति यस्तो विभेद गर्न मिल्छ ? देशको कर्णधार प्रति तपाईले विभेद गर्ने ? दरबन्दीको समस्या होईन, तपाईको कुशासन, नियतको समस्या छ यहाँ । गुणस्तरीय शिक्षा सबैलाई चाहिदैन् ? यदी चाहिन्छ भने मधेस प्रति यो विभेद किन ? हिजो पहाडका मान्छेहरु औषधी उपचार गर्न तराई झर्थे, शिक्षा लिन तराई झर्थे, रोजीरोटीका लागि तराई जान्थ्यो । तराई देशको एउटा समृद्ध ठाउँ थियो । तर हेर्दाहेर्दै तपाईहरुले यसरी पछाडी पार्नुभयो की यसलाई क्षतिपुर्ति दिने कर्तव्य तपाईहरुको हो की होईन् । पछाडी परेकालाई अगाडी ल्याउने तपाईहरुको फर्ज बन्छ की बन्दैन् । यदी थोरै पनि लाजलेहाज छ भने, तपाईले पछाडी पारेको क्षेत्रमा विशेष बजेट बिनियोज गर्नुस् ।'

यस्तै उनले अन्याय भए मान्छेहरु न्यायलयमा जाने गरेको भए पनि अहिले न्यायलय क्षेत्रमै मनपरी भईरहेको उनले बताए । तर अदालतमा महिला, मधेस, आदीवासी जनजाती, दलित लगायतको सहभागिता नभएकाले न्यायाधीश नियुक्तिमा यि क्षेत्र र समुदायको नियुक्ति हुनुपर्नेमा सरकारको उनले ध्यानाकर्षण गराए ।





पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं